# स्वर

द्वैमासिक पत्रिका

वर्ष २१ अंक ५ पुस-माघ २०८१






सम्पदा दर्शन (भाग २, २०७८)



लेखक सुशीला

# हार्दिक बधाई




सम्पदा दर्शन (भाग १, २०७७)




अमेरिका दर्शन, २०७९

नेपाली बालसाहित्यमा बालनियात्रा लेखनमा विशेष योगदान गर्नुभएकोमा नेपाल बालसाहित्य समाजबाट 'नेबासास तेज-प्रतिभा बालनियात्रा पुरस्कार' बाट पुरस्कृत हुनुभएकोमा सम्पदा दर्शन बालनियात्राकृतिका लेखक आदरणीय सुशीला खाण देउजाज्यूलाई हार्दिक बधाई ज्ञापन गर्दछौँ ।

| सुमन कार्की | कार्तिकेय | स्वर द्वैमासिक |
|---|---|---|
| प्रबन्ध निर्देशक | प्रधान सम्पादक | पत्रिका परिवार |

# हार्दिक बधाई

एडिफाई प्राइभेट स्कुल्स अर्गनाईजेशन नेपाल (इप्सन भक्तपुर) को २०८१ पुष १९ गते सम्पन्न पाँचौं अधिवेशनबाट क्वालिटी अंग्रेजी माध्यमिक बिद्यालय, भक्तपुरका संस्थापक/ प्रिन्सिपल श्री जी.बी. खड्काज्यू अध्यक्षमा चयन हुनुभएकोमा हर्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



जी.बी. खड्का

| सुमन कार्की | कार्तिकेय घिमिरे | स्वर द्वैमासिक पत्रिका परिवार |
|---|---|---|
| प्रबन्ध निर्देशक | प्रधान सम्पादक | |

काठमाडौँ जि.प्र.का. द.नं. १९५/०५९-०६०

# स्वर

द्वैमासिक पत्रिका

(साहित्य,कला, संस्कृति विविध विचार- सबैको आवाज अठाउने सञ्चार)


| वर्ष २१ Year 21 | अंक ५ Issue 5 | पुस-माघ २०८१ Issue 4 |
| --- | --- | --- |



**सम्पादक/प्रकाशक**
कृष्णप्रसाद घिमिरे - ९८५१४०३५३१

**प्रबन्ध निर्देशक**
सुमन कार्की - ९८५१०७४१३३

**प्रधान सम्पादक**
कार्तिकेय घिमिरे - ९८४१४७७५१५

**सह-सम्पादक**
जानुका खतिवडा - swarpatrika@gmail.com

**उप-सम्पादक**
विष्णुकुमारी लिम्बू

**लेआउट**
भेषबहादुर राउत (आनन्द) - ९८४१३७३५१०

**प्रतिनिधि**
राजकुमारी पूर्वटोले, सर्लाही - ९८६६३७१५६१
ईश्वर थोकर, भक्तपुर - ९७६५४३२३३७

**मुद्रण**
सहारा प्रिन्ट कनेक्सन, डिल्लीबजार, काठमाडौं - ९८५१०७४१३३

**पत्राचार : स्वर द्वैमासिक पो.ब.नं. २५८५९, का.म.न.पा-७, काठमाडौं**
**फोन : ०१-५९१३५३१, ९८५१४०३५३१**
Email : swarbiomonthly@gmail.com
Online Address : www.swarpatrika.com


**मूल्य : रु. ५०।- आजीवन सदस्यता : न्यूनतम रु. ५०००।-**

## सम्पादकीय

# लेखक र प्रकाशकको सम्बन्ध

लेखक र प्रकाशकको सम्बन्ध सुमधुर हुनुपर्छ ।

सुन्दा यो भाव सुमधुर लाग्छ, सरल लाग्छ तर यो त्यतिकै जटिल र चुनौतीपूर्ण पनि छ । वास्तवमा भन्ने हो भने हरेक सम्बन्धलाई बलियो बनाउने आधार भनेको एकअर्काबीचको विश्वास हो । जबसम्म लेखक र प्रकाशकबीच विश्वासको सम्बन्ध हुँदैन तबसम्म लेखक र प्रकाशक दुवैपक्षले यो व्यवसायबाट अधिकतम् फाइदा लिने वातावरण बन्न सक्दैन । तसर्थ यस मामिलामा लेखक र प्रकाशकबीच विश्वासको वातावरण निर्माण गर्न बलियो सहकार्य हुनुपर्छ ।

यसो भनिरहँदा वर्तमान नेपाली पुस्तक प्रकाशन व्यवसायको माहोल अनुसार आर्थिक पक्षको सहकार्यको कुरा मात्र दिमाखमा आउनुलाई अस्वाभाविक मान्न सकिँदैन । तर, एउटा लेखकलाई अरु सबै कुराबाट मुक्त भएर आफ्नो साहित्य रचना स्तरीय बनाउन लेखनमै समर्पित हुन अभिप्रेरित गर्ने सवालमा लेखक र प्रकाशकबीच सहकार्य हुनु दुवै पक्षका लागि फाइदाजनक हुन्छ । प्रकाशकले यस कुरालाई गम्भिर भएर मनन गर्नु जरुरी देखिन्छ ।

निश्चय पनि पाठकलाई मनपर्ने साहित्य प्रकाशन गरी नाफा आर्जन गर्नु जुनसुकै प्रकाशकको लक्ष्य रहेको हुन्छ । उसको यस लक्ष्यलाई प्रकाशक पैसामुखी भयो भनेर मात्र पन्छिन मिल्दैन किनकि लेखकलाई फैलाउनु, लेखकलाई सबै पाठक माझमा लैजाने यात्रा नै किन्ने र बेच्ने सम्बन्धको जगमा उभिएको हुन्छ । तसर्थ लेखकको कृतिलाई जतिसक्यो बढी पाठक माझमा लगेर प्रकाशकले आर्थिक आर्जन गरोस् भन्ने लक्ष्यमा मलजल गर्न लेखकले सधैँ प्रकाशकलाई सहयोग गर्नु आवश्यक देखिन्छ । पाठकको माया पाएका लेखकलाई प्रकाशकले नि समयमै लेखकस्व दिई अघि बढ्नुपर्छ ।

# विषयसूची


| | | |
|---|---|---|
| सम्पादकीय | लेखक र प्रकाशकको सम्बन्ध | २ |
| अन्तर्वार्ता | प्रिन्सिपल अनिरुद्ध अर्यालसँग कुराकानी | ४ |
| गजल | सुनील पुरी | ६ |
| बहस | महेश पौड्याल | ७ |
| कविता | बाबुराम श्रेष्ठ 'यात्री' | १२ |
| प्रेरणा | प्रा.डा. अच्युतमणि आचार्य | १३ |
| अग्रज कलम | अनुवाद कविता : रिमा केसी | १७ |
| व्यक्तित्व चर्चा | ठाकुर शर्मा भण्डारी | २१ |
| कविता | सुलोचना सैँजू | ३० |
| कविता | दिनेश पाण्डे | ३२ |
| कविता | जितेन्द्र रसिक | ३४ |
| कविता | ईश्वर थोकर | ३६ |
| कविता | सञ्जीव राई | ३७ |
| अध्यात्म | प्रा.डा. अच्युतमणि आचार्य | ३९ |
| कविता | सञ्जय सुमन | ४४ |
| कविता | अटल शर्मा | ४५ |
| गजल | लीलाराज दाहाल | ४६ |
| लघुकथा | पुष्पा नेपाल (सुवेदी) पुष्पाञ्जलि | ४७ |

## अन्तर्वार्ता (शिक्षा)

# प्रिन्सिपल अनिरुद्ध अर्यालसँग कुराकानी



साना बालबालिकाका लागि उत्कृष्ट विद्यालय हो इन्टरनेशनल स्कुल । यो धुम्बाराही, काठमाडौँमा रहेको छ । कक्षा ६ सम्म पढाइ हुने यो विद्यालयमा बालबालिकाले एकदमै फरक किसिमले छलफल गर्दै, खेल्दै र रमाइलो गर्दै पढ्छन् । साना बालबालिकालाई उमेर सुहाँदो शैक्षिक वातावरण प्रदान गर्न सिपालु बौद्धिक व्यक्तित्व अनिरुद्ध अर्याल (प्रिन्सिपल, इन्टरनेशनल स्कुल) सँग स्वर पत्रिकाका सम्पादकले गर्नुभएको कुराकानी यस अंकमा प्रस्तुत गरिएको छ :

१. **अरु विद्यालयको भन्दा अलि फरक वातावरणमा बालबालिकालाई पढाइरहनुभएको रहेछ । के यस किसिमको शिक्षण क्रियाकलापले बालबालिका लाभान्वित भइरहेका छन् ?**

✍ सुरुमा कस्तो होला भन्ने जिज्ञासा मलाई पनि थियो । तर अब आधा दशक बढी हामीले यसमा काम गरिसकेको हुनाले बालबालिकालाई अन्तरक्रिया गर्ने र अभ्यास गर्दै सिक्ने वातावरण दिँदा सिकाइ अत्यन्त प्रभावकारी हुने रहेछ भन्ने कुरामा हामी पूर्ण विश्वस्त भएका छौँ । यो तरिकाबाट बालबालिका सतप्रतिशत लाभान्वित भइरहेका छन् भन्ने कुरा हामीले उनीहरूको प्रतिभाको विकासमा देखिरहेका छौँ । जुन अत्यन्त उत्साहजनक रहेको छ ।

२. **बालबालिकालाई स्तरीय शिक्षका नाममा एक झोलाभरि किताब बोकाउने चलन छ । यसमा तपाईंको विचार के रहेको छ ?**

✍ जबसम्म हामी बालबालिकाको प्रभावकारी सिकाइका लागि किताब मात्र एक विकल्प हो भन्ने सोचबाट माथि उठ्न सक्दैनौँ तबसम्म यो समस्या आइरहन्छ । तर, हाम्रो विद्यालयमा किताब बाहेकको शैक्षिक क्रियाकलापमा पनि विशेष जोड दिँदै पठनपाठन हुँदै आएकाले किताबको भारीको समस्या हाम्रो विद्यालयमा छैन । साना बालबालिकालाई किताबको भारी बोकाउने चलन खासै राम्रो होइन । यसलाई परिमार्जन गर्दै वैकल्पिक बाटोबाट प्रभावकारी शिक्षण गर्दै अघि बढ्नुपर्छ भन्ने मेरो सोच हो । यसमा अहिले हामीले काम गरिरहेका छौँ । जुन प्रभावकारी भएको मैले महसुस गरेको छु ।

३. **मलाई विगत एक वर्षदेखि तपाईसँग संगत गर्ने मौका मिलेको छ । बालबालिकाको शिक्षण सिकाइ क्रिाकलापमा यति धेरै विविधता ल्याइरहनुभएको छ । यो कसरी सम्भव भइरहेको छ ? यसमा केही रहस्य छ कि ?**

✍ त्यस्तो रहस्य त केही छैन सर । म आफैं अहिले बालबालिकालाई नयाँ युगमा कसरी पढाउनुपर्छ भन्ने विषयमा फरक फरक दुईवटा विश्वविद्यालयमा पढिरहेको छु । काठमाडौँ विश्वविद्यालयमा कलेज गएर नि पढ्छु भने अर्को एउटा विदेशी विश्वविद्यालयमा अनलाइनमा पढिरहेको छु । हरेक दिन चार बजेपछि अनलाइन कक्षा हुन्छ । पढ्ने क्रममा सिकेका कुराहरू विद्यार्थीहरूलाई प्रभावकारी सिकाइका लागि सजिलो गरी प्रयोग गर्ने कोसिस गर्दै आइरहेको छु । यसबाट विद्यालयका अभिभावक र स्वयम् बालबालिकाहरू पनि खुसी हुनुभएको महसुस गरेको छु । मलाई लाग्छ, हरेक नयाँ काममा चुनौती पनि उत्तिकै धेरै हुन्छ । शैक्षिक सामग्री तयार गर्नु पनि हाम्रो लागि चुनौती हो । तर सहयोगी अभिभावक र तालिमप्राप्त दक्ष शिक्षक शिक्षिकाहरूको टिमवर्कले गर्दा हाम्रो विद्यालयले अहिले उत्कृष्ट पठनपाठन गर्न सकेको छ । यस कुरामा म गर्व गर्दछु । विद्यालयको टिममा रहनुभएका शिक्षक साथीहरू र सहयोगी अभिभावकहरूका कारण यो सम्भव भएको हो । ❐

# गजल



**सुनील पुरी**

*मन्दिरका मूर्तिहरू बसेका छन् चुपचाप*
*अनास्थाको खडेरीमा बलेको छ रापैराप*

*मान्छेलाई बिर्सिएर कल्पनामा डुबेका छौँ*
*ढुंगे धर्म पूजा गर्न गरेका छन् हानथाप*

*क्षितिजको आँगनबाट देख्छु टाढा ताराजून*
*सारा दूरी सकिएछ भयो गति नै सखाप*

*सत्य छैन अचेल यहाँ झुटो बोल्ने संसारमा*
*अधर्मलाई धर्म भन्दै गरेका छौँ पापैपाप*

*यस्तै रै'छ दुनियाँमा आफूलाई मात्र हेर्ने*
*आफ्नो मुद्दा आफै छिन्न गरौँ आफै सहीछाप ।*

❐ ❐

**बहस**

# बालसाहित्यलेखक : हृदयका नायक



**महेश पौड्याल**

लेखनलाई ठुल्ठुला साहित्यकारहरूले अत्यन्त कठिन साधनाको विषय माने । नयाँहरूले जेसुकै भनुन्, पुरानाहरू लेखनलाई चानचुने कुरा मान्दैनन्, कारण लहडबाजीको लेखन पुरानिँदै गएपछि लेखक लेखनको जोखिम र आफ्ना सीमासँग परिचित हुन्छ। प्रसिद्ध अमेरिकी व्यङ्ग्यकार रोबर्ट बेन्चलीले त यहाँसम्म भने, "मसँग लेखक कला छैन भन्ने कुरा मैले लेख्न थालेको पन्द्र वर्षपछि थाहापाएँ । तर त्यो बेला मैले लेखनलाई छोड्न सकिनँ किनकि म धेरै नै चर्चिच भइसकेको थिएँ ।" अर्का चर्चित अमेरिकी बालसाहित्यकार एरिक किम्मेल भन्छन्, "लेखन असाध्यै कठिन काम हो ।"

नेपालबाहिर, जहाँ मानिसहरू पाँच मिनट बस पार्कमा बस कुर्दासमेत हातमा किताब लिएर उभिन रुचाउँछन् । सायद पाठक पाउनु त्यति दुर्लभ कुरा होइन । तर निश्चित रुपमा आधिकारिक प्रकाशन गृह पाउनु, त्यसको सम्पादन शाखाबाट पाण्डुलिपि स्वीकृत हुनु र त्यसलाई बजारमा ल्याउनु अत्यन्तै कठिन काम हो ।

त्यसैले, नेपालबाहिर विशेष गरी पश्चिमा जगत्मा जे प्रकाशित भएर पुस्तक आकारमा आउँछ, त्यो निश्चित रुपमा कुनै न कुनै मूल्य र महत्ता बोकेर आउँछ। त्यसैले त्यहाँ लेखक बन्नु वास्तविक अर्थमा सेलिब्रिटी बन्नु हो ।

तर यहाँ? गणित उल्टो छ । कुनै एक साहित्यक यात्राका लागि धदिङ्को अत्यन्त दुर्गम ठाउँ काउलेमा आठ घण्टाको उकालो बाटो हिँडेर पुग्दा मलाई लागेको थियो, यहाँ के साहित्य होला । जुन घरमा हामी राति बास बस्यौँ, त्यहाँ मैले त्यस घरका बालबालिकाका पाठ्य सामग्रीबाहेक कुनै साहित्यिक पुस्तक देखिनँ । निजी पुस्तकालयको त कुरै छोडौं । तर साँझ रचना वाचन कार्यक्रममा डायरीकाका पानाभरि गजल पढिन थालेपछि खाएँ । हरेक युवा कवि, हरेक युवा गजलकार । प्रकाशित हुनु-नहुनु छुट्टै कुरा । सिरानीमुनि सिर्जना छन्, थाककाथाक । पाठक छ-छैन, कविताकृतिका सर्जकलाई राम्ररी थाहा छ; प्रकाशकहरूलाई थाहा छ । एकाध अत्यन्त राम्रा आख्यान, र एकाध राम्रो सञ्जाल भएका सर्जकदेखि बाहेक अन्य सबैलाई थाहा छ, नेपालमा पाठकको सङ्ख्यागत अवस्था के छ भनेर । सार्वजनिक ठाउँमा साथी-भाइलाई "कुन किताब पढ्दै हुनुहुन्छ?" भनेर नसोध्दा राम्रो । "मुना-मदन" भन्देलान् र जिल्ल पर्नुहोला ।

आम मानिसको त के कुरा, ठुलै मानिएका लेखकहरूले यो देशमा किताब अत्यन्तै कम पढ्छन् जस्तो मलाई लाग्छ । कहिलेकाहिँ पत्रपत्रिकाले नेपालका लेखकहरूलाई "तपाईलाई मन परेका, या तपाइँले पढनै पर्ने ठानेका पाँच कृतिको नाउँ भन्नुस्" भनेर सोधेका प्रश्नको उत्तरलाई अध्ययन गर्नुस् । उत्तरमा कि त पाठ्य सामग्रीमा रहेका पुस्तकको नाउँ आउँछ, कि त ती नाउँ आउँछन् जुन सबै नेपालीले हचुवाकै भरमा भन्दिए पनि हुन्छ । जस्तै नासो, शिरीषको फूल, बसाइँ ।

तर लेखक? ती त घरघरमा पाइन्छन् । यो देशको साहित्यमा पाठकभन्दा लेखक धेरै गुणा बढी छन् भन्ने कुरामा कमसेकम म छर्लङ्ग छु । पाठकले वर्षमा दसवटा किताब पढ्छ पढ्दैन, त्यो भन्न गाह्रो । तर एउटा लेखकले वर्षमा दसभन्दा बढी कृतिको विमोचन गरेको कुरा त्यति पुरानो होइन । सबैलाई सम्झना हुनुपर्ने ।

यो देशमा किताब प्रकाशित कसरी हुन्छन् ? सबै लेखकलाई थाहा छँदैछ । यहाँ प्रकाशन एजेन्सीमार्फत् पाण्डुलिपि प्रकाशनगृहसम्म पुऱ्याउने,

सम्पादन मण्डलबाट निर्मम सम्पादन हुने, धेरैपल्ट लेखक र सम्पादकका बीच घम्साघम्सी हुने, र निकै ठूलो प्रशव वेदनापछि किताब निस्कने परम्परा छ-छैन, हामीलाई थाहै छ । जिन्दगीमा बडो दुःखका साथ लेखिएका एक-दुईवटा किताब छाप्नैका लागि केही लेखक बिचराले आफैँ प्रकाशन गृह दर्ता गरेको कथा नभनौं । सरकारी भनिएका या सरकारी अनुदानका प्रकाशन गृहमा राजनैतिक विचारका रङहरूको होली खेल्न फागुन पर्खनु पर्दैन भन्ने कुरा घामजस्तै छर्लङ्ग छ ।

लेखकहरूको देश नेपालमा हिजोआज लेखकहरू दुई कित्तामा देखिन्छन् । केही “सेलिब्रिटी” लेखक र केही “अन्य” लेखक । लेखक पनि सिनेमाका नायक-नायिका, फेसन संसारका मोडलहरू, गायक-गायिका र खेलका खेलाडीजस्तै सेलिब्रिटी हुन पाउने युगमा प्रवेश गर्दा हामीजस्ता साहित्यका विद्यार्थी खुसी हुनु स्वभाविकै हो । लेखकका पनि दिन फर्के कि क्या हो भन्नसम्म सकिने देखिन्छ ।

सेलिब्रिटी लेखक नेपालबाहिर पनि हुन्छन् । तिनीहरू पाठकले बनाएका सेलिब्रिटी हुन् । नेपालबाहिर दुईचार सय या भनौं दुईचार हजार किताब बालुवामा पानीजस्तै हराउने भूगोल हुन्छ, पाठकको । त्यहाँ हजारौंको सङ्ख्यामा किताब बिकेपछि, र तिनीहरूका पाठकको एउटा विशाल जमात खडा भएपछि लेखक सेलिब्रिटी हुन्छ । हेरी पोर्टर श्रृङ्खलाका पाचास करोड प्रति किताब बेचिएपछि र पढिएपछि सेलेब्रिटी बनेकी लेखिका जेके रोलिङ् ओक्लाहोमाको यात्रामा जाँदा हजारौंको सङ्ख्यामा पाठकहरू उभिएर उनको हस्ताक्षर लिए भन्ने समाचार द डेइली ओक्लाहोमाले छापेको थियो ।

तर यहाँ, नेपालमा, जहाँ साहित्यिक कित्तामा पाठकभन्दा दुर्लभ अन्य कुरा सायदै होला, कसले बनाइरहेको छ लेखकलाई सेलिब्रिटी ? लेखक सेलिब्रिटी भएकोमा मेरो कुनै आपत्ति हैन । एउटा लेखक भएका नाताले मेरा लागि यो सुखद समाचार हो । तर रहस्यको कुरा यही होः कसले बनाउँछ नेपालमा लेखकलाई सेलिब्रिटी?

पछिल्लो समय पुस्तक प्रदर्शनी, प्रदर्शनीमा किताब विमोचन र त्यहीँ बसेर हस्ताक्षर

गर्ने चलनले लेखकलाई सेलेब्रिटी बनाइरहेको छ । यो पुरै प्रकरणमा पाठक मौन छ, नेपथ्यमा छ । भर्खरै किताब विमोचन गरेर थकित भएका लेखक कुर्सीमा बसेका देखिन्छन् । आफन्त र चिनजानकाहरूले केही प्रति किताब किनेका पनि छन् । तिनमा हस्ताक्षर गर्न व्यस्त छन् भर्खरै किताब विमोचन भएका लेखक । उनको किताब पढिन बाँकी नै छ । त्यसकको मूल्याङ्क हुन बाँकी नै छ । बिक्ने-नबिक्ने, पढिने-नपढिने कुराको लेखाजोखा हुन बाँकी नै छ । उनको यसअघिका कृतिले पनि कुनै चर्चा या पाठक पाएको कुनै अभिलेख प्राप्त छैन । तर उनी सेलिब्रिटी भइसके । भोलिपल्ट कुनै दैनिक पत्रिकाले फोटोसहित छाप्छ, "लेखक पनि सेलिब्रिटी" ।

लेखकलाई सेलिब्रिटी सायद यस्तै हचुवा केप्सनहरूले बनाउँछन्, हाम्रो देशमा । अनि चिनजान, मोर्चाविन्दी र राजनैतिक संग्लग्नता त छँदै छ । सायद हाम्रो मात्रै यस्तो देश हो, जहाँ लेखकलाई सेलिब्रिटी बनाउनमा निरीह पाठकको कुनै हात रहँदैन ।

जसले बनाओस्, अनुसन्धान होला, बहस होला । तर, लेखकलाई सेलिब्रिटी बनाउने यो पछिल्लो अभ्यासले दुईवटा कुरालाई बहसमा ल्याइदिएको छ । पहिलो, गीत, खेलकुद र सिनेमामा जस्तो हेरिदिए र सुनिदिए पुग्ने होइन साहित्य । साहित्यमा लेख्न जति गारो छ, यो व्यस्तता र महँगीको देशमा किताब किनेर, एकाग्रताका साथ घण्टौंघण्टा घोत्लिएर पढेर त्यसको लेखकलाई मूल्याङ्कन गर्ने कुरा चानचुने होइन । पाठकको सहभागिताबिनै लेखक सेलिब्रिटी हुनु रमाइलै कुरा हो । दोस्रो बहस यो, कि यो पछिल्लो सेलेब्रिटी प्रकरणले मौन पाठक भएका र प्रचारबाजीमा नउत्रिएका नेपथ्यका लेखकहरूलाई निराश पारेको छ ।

यो कुरा सत्य हो, धेरैजस्तो पाठक मौन हुन्छन् । केही हुन्छन्, राम्रो-नराम्रो प्वाक्क बोल्ने । केही औंलामा गन्न सकिने प्राध्यापक या समालोचकले वाह-वाह या छिःछिः गर्दैमा पनि सायद पाठक बोलेको भन्ने अर्थ लगाउन मिल्दैन । उदाहरणमा, बालसाहित्यको पाठक प्रायः मौन रहन्छ । ती ससाना बालबालिका प्रतिक्रियाबिहीन, बालसाहित्य पढिरहेका हुन्छन् । प्रौढसाहित्यको तुलनामा बालसाहित्य सयौं गुणा बढी बिक्री हुने र कुनै कित्ताप्रतिको पूर्वाग्रह नराखी इमान्दारीपूर्वक अद्योपान्त पढिने साहित्य हो । तर बालसाहित्यका सर्जकहरू नेपथ्यमा छन् । तिनीहरू सेलिब्रिटीको सूचीमा

देखिँदैनन् । अर्काथरी लेखक ती कालजयी लेखक हुन्, जसका रचना पाठ्यक्रममा छन् र जसलाई पढेर विद्यार्थीले साहित्यको प्रथम रसको अनुभाव गरेका हुन्छन् । ती त्यस्ता लेखक हुन् जसले पाठकको मानोबृत्तमा साहित्यको आधारको परिचय दिन्छन् । ती त्यस्ता लेखक हुन्, जसका रचनाले जीवनलाई परिवर्तन गरेका हुन्छन्, केही नयाँ बाटो, आँट र जाँगर जगाएका छन् । तर त्यस्ता रचनाका सर्जक कि त दिवङ्गत भइसके, कि त प्रचारभन्दा टाढा छन् ।

जाने गइसको । तर जो छन् र मौन छन्, ती सेलिब्रिटी हुन् कि होइनन्? तिनीहरूले आजै विमोचन भएको, देउतालाई पहिलो गाँस चढाउन पनि नभ्याइएको किताबमा हस्ताक्षर गरेनन् र  फोटो पनि खिचाएनन् । तर हामीले नाच्ने साहित्यको डबली तयार गरे, हामीले प्रयोग गर्ने पहिलो गति, यति र लय सिकाए, आख्यानको “अ” सिकाए, र एउटा बलियो साहित्यक धरोहरको उत्तराधिकारी हामीलाई बनाए । ती सेलेब्रिटी हुन् कि हैनन्?

फेसनेबल सेलेब्रिटी जोसुकै हुन्, मनका सेलिब्रिटीहरूको ठाउँ ओगट्न सक्दैनन । साहित्यलाई चाउचाउ बनाउने, आफैं लेख्ने, आफैँ समालोचना गर्ने व्यापारी सेलिब्रिटीको कुरा पनि के गर्नु? र वर्षका बाह्रै महिनालाई एक-एक वटा पुग्ने गरी बाह्रवटा किताब एकैचोटी बिमोचन गर्ने स्वयंभू सेलेब्रिटीलाई दिने उपमा खोजिरहेको छु म यतिखेर ।

हामी साहित्यका पाठक, वाङ्मयका तपश्वी हौं । टिभीमा अनुहार हेरेका भरमा कसैलाई सेलेब्रिटी बनाएजस्तो लेखकलाई सेलिब्रिटी बनाउने कुराको स्वीकृति दिनुहुँदैन । पाठकले स्वीकृति नदिए कसरी कुनै लेखक सेलिब्रिटी बन्छ ? त्यो अनुसन्धानको विषय हो । साहित्य र कलाका अन्य विधामा सायद यही एउटा कुरा फरक छ । कलाका अन्य विधामा सर्जक या कलाकारले मिहिनेत गरे पुग्छ । त्यसको उपभोगको बाटो सरल छ, हिँड्दा-हिँड्दै, खाँदा-खाँदै, काम गर्दा-गर्दै या सुती-सुती पनि हुन्छ । तर साहित्यमा पाठकले पढ्नुको अभिभारा र पीडा स्वीकार गरेको हुन्छ । त्यस पाठकलाई बाइपास गरेर बनेका छद्म सेलिब्रिटी सायद पानीमा उठ्ने फोका हुन् । ❐

कविता

# कागज



**बाबुराम श्रेष्ठ "यात्री"**

*म एक सादा पाना हुँ*
*अक्षरहरू पोखिर'न्छ- ममाथि*
*फगत् साहु तमसुक लेख्छ*
*विद्यार्थी नोट बनाउँछ*
*शिक्षक बासी पुराण सार्छ*
*उजुरवाला उजुर लेख्छ*
*उनीहरू सबै खप्पर ओकलेर*
*नानाभाँती के-के लेख्छ*
*म पुरापुर भरिन्छु*
*बोकेर एउटा अभिशप्त जिन्दगी !*

*म निर्भिलाशी- निर्जन हुँ*
*यहाँ सबको मनोमानी चल्छ*
*जो च्यात्छन्, फाल्छन्*
*मन परे सुरक्षित सन्दुक र फाइलमा राख्छन्*
*बनाउँछ- जस्तो कि एउटा बन्दकी*
*बनाउँछ- जस्तो कि एउटा साक्षी*
*मन नपरे बदली दिन्छन् सबैसबै*
*तर, मेरो सत्यता*
*जले पनि आकार नबदल्ने*
*हुँ म एक- कागज ।*

❐ ❐

## आमाको प्रेरणा

# वैज्ञानिक थोमस अल्वा इडिसन

### प्रा.डा. अच्युतमणि आचार्य

हामीले राती बाल्ने बिजुली बत्तीको चिम होस् वा विद्युत पठाउने सिस्टम होस्, हामीले हेर्ने सिनेमा होस् वा तस्बिर खिच्ने मुभी क्यामेरा होस् अथवा रिकर्ड बजाउने ग्रामो फोन होस्, यी सबैको जन्मदाता एकै व्यक्ति हुन्, जसको नाम हो- थोमस अल्वा इडिसन । उहाँले यति धेरै कुरा आविष्कार गर्नु भएछ कि अहिलेसम्म त्यति सङ्ख्यामा पेटेन्सी गर्ने, उहाँ नै पहिलो वैज्ञानिक हुनुहुन्छ । अचम्म छ एकै व्यक्तिले १०९३ विषयवस्तुको पेटेन्सी पाएकोमा । यी महान् व्यक्ति फेब्रुअरी १८४७ मा अमेरिकाको ओहाइयो भन्ने राज्यमा जन्मेर मिचिगन राज्यमा बाल्यावस्था बिताउनुभयो । उहाँको पुर्खा भने ब्रिटिस डच मूलको थियो र उहाँको पिता क्यानाडाबाट संयुक्त अमेरिकामा बसोबास सर्नुभएको थियो ।

थोमस अल्वा इडिसनले मात्र ३ महिना मिचिगनको पोर्ट हर्न स्कुलमा पढ्नु भएको थियो । ३ महिना पढेपछि उहाँको क्लास टिचरले उहाँलाई यौटा बन्द खाम दिएर भनेछन्, 'यो पत्र तिम्रो आमालाई दिनु ।' घर पुगेर पत्र आमालाई दिएछन्, आमाले पत्र पढेर दुई थोपा आँसु निकाल्दै पत्रलाई आफ्नो दराजमा थन्क्याउनु भएछ । थोमसले सोद्धा भनिदिनुभएछ, 'भोलिदेखि स्कुल नजाने, म तिमीलाई घरमै पढाउँछु । तिमी त, स्कुलमा पढाउने कुरा सबै जान्दछौ रे, त्यसैले म तिमीलाई घरमै पढाउँछु ।' आमाले भोलिपल्टदेखि आफ्नो काम छोडिदिनु भएछ र घरमै यौटा छोरालाई हरदिन कक्षा सञ्चालन गर्नुभएछ ।


हिसाब, अंग्रेजी भाषा र कसरी राम्ररी लेख्ने र पढ्नेजस्ता विषयमा विशेष ध्यान दिनुभएछ। १० वर्षको उमेरमै थोमसले आमाको शिक्षा पढ्नुको साथै घरको छिँडीमा यौटा सानो प्रयोगशाला बनाउनुभएछ। जानेको र सुनेको जति केमिकल्स जम्मा गरेर सिसीमा राख्दै अरुले चलाउलान् भनेर सबै सिसीमा विषादी भनी कागज टाँसिदिनु हुँदोरहेछ। १२ वर्षको उमेरमा, उहाँले रेलवे लाइनमा पत्रपत्रिका बेच्न थाल्नुभएछ। २-४ पैसा हातमा जम्मा हुन थालेपछि तरकारी, फलफूल, स्याउ, चकलेट जस्ता कुरा पनि थपेर पत्रपत्रिका बेच्न थाल्नुभएछ।

वहाँ दुवै कान कम सुन्नु हुँदोरहेछ। कोही भन्छन्, टिकटबिना रेलमा पत्रिका बेच्दा टिकट चेकरले दुवै कान समाइ डिब्बाबाट घचेटिदिएपछि नसुन्ने भएको, कोही भन्छन्, स्काइलेट फिभर भएको बेलामा कान पाकेर त्यस्तो भएको। उहाँचाहिँ भन्नुहुन्थ्यो, कान नसुन्नु बेसै हो, फालतु गफसाफ सुन्नुपर्दैन र मनमा लागेका कुराहरू सोच्न समय पाइन्छ। १५ वर्षको उमेरमा यौटा सेकेन्डहैन्ड प्रिन्टिङ प्रेस किनेर साप्ताहिक हेराल्ड पत्रिका आफै लेख्ने, सम्पादन गर्न र बेच्न थाल्नुभएछ।

रेल स्टेसन म्यानेजरको यौटा तीन वर्षे छोरालाई रेलले किच्छ भनेर लिगमा फाल हालेर घचेटेर बालक बचाउनुभएछ। यसैबापत म्यानेजरले टेलीग्राफका उसले जानेका सबैकुरा सिकाइदिएछ। यसबाट वहाँले चार वर्ष रेलवेमा जागिर खाइ १२,००० माइलभन्दा बढीको यात्रा अनुभव बटुल्नुभएछ। कमाइको धेरैजसो भाग विद्युतीय सामग्री र प्रयोगशालामा आवश्यक पर्ने केमिकल्सहरू किन्नु हुँदोरहेछ। २१ वर्षको उमेरमा त पहिलो आविष्कार टेलीग्राफिक भोट गन्ने यन्त्रको पेटेन्सी लिनुभएछ।

अलेक्जेन्डर ग्राम वेलले विकास गरेको टेलिफोनको आवाज परपरसम्म पुऱ्याउने तरिका पत्ता लगाइ न्युयोर्क फिलाडेफि्लया लाइन सुरु गर्नुभएछ। संसारको पहिलो फोनोग्राम १८७८ मा पेटेन्ट गराइ सबैले घरघरमा गाना वजाना गर्ने यन्त्र संसारलाई उपहार दिनुभएछ। बत्तीको चिम बनाइ सहरभरि विद्युत प्रवाहगरी न्युयोर्क, न्युजर्सीलाई झिलमिली गराइदिनु भएछ। सिनेमा

खिच्ने क्यामेरा बनाइ, ठाउँठाउँमा सिनेमा हलमा सिनेमा हेर्ने केन्द्र सञ्चालनमा ल्याउनुभएछ। १८९० मा त विश्वको पहिलो चलचित्र बनाउनुभएछ । विद्युत सञ्चय गर्ने ब्याट्री बनाइ गाडी र सब मेरीनमा अटुट विद्युत आपुर्ति गर्ने बनाउनुभएछ। हरेक महिना, हरेक वर्ष केही न केही नयाँ आविष्कारको पेटेन्सी हुन थालेछ। यसैले १८७९ देखि १९०० सम्मको समयलाई अमेरिकामा इडिसन एज नामकरण



गरिएको छ । काम गर्दा उहाँ २४ घण्टामा मात्र ४ घण्टा निदाउनुहुन्थ्यो भनिन्छ। यसरी विश्वभरिका मानवलाई काम लाग्ने आविष्कारहरू गरे बापत उहाँलाई फ्रान्स, जर्मनी, ब्रिटेन, चिली, रसिया, इटाली आदि अनेकौं देशले मानसम्मान र विभुषण प्रदान गरेका छन् । जर्मनी, फ्रान्स, बेलायत आदि देशमा आफ्नो आविष्कारहरूको उद्योग खोली, यी वैज्ञानिक सफल व्यापारी पनि हुन पुगेका थिए।

उनले आमाको स्वर्गबासपछि एक दिन आमाको दराज खोल्दा आफूले स्कुलबाट ल्याएको पत्र पनि फेला पारेछन्। खोलेर हेर्दा स्कुलले उनलाई काम नलाग्ने केटा भएको हुँदा अरु विद्यार्थीसँग राख्न नहुने कुरा लेखेको पढेछन्। अनि उनी आफ्नी प्यारी आमालाई सम्झी खुब रोएछन्। तिनै आमाको शिक्षादीक्षाबाट विश्वकै सर्वश्रेष्ठ वैज्ञानिक बनेर विश्वका मान्छेलाई अन्धकारबाट प्रकाशमय जगत्मा बाँच्न सफल गराएकोमा अनि हाँसेछन् । डाइबिटिस रोगले अक्टोबर १८, १९३१ म न्युजर्सी राज्यको आफैंले निर्माण गरेको मेलानो पार्कमा प्राण त्यागेछन् । ८४ वर्षको उमेरमा प्राण त्याग्नुभन्दा केहीबेर पहिलेसम्म अझ संसारलाई अरु केही

दिन सकिन्छ कि भनी कुरा गर्दै थिए रे । उनका मित्र हेनरी फोर्डले उनको अन्तिम स्वास टेस्टट्युबमा जम्मा गरी अहिले पनि म्युजियममा राखेको देख्न पाइन्छ ।

उनको त्यो विद्युतीय पार्क, म्युजियम र जनरल इलेक्ट्रीक कम्पनी अहिलेपनि छँदैछन् ।

यी महान् व्यक्ति शाकाहारी थिए भने धर्मप्रति आस्थावान थिए । यिनका नाउँमा अहिले पनि जताततै स्कुल, कलेज, पार्क, पुल, डाँकटिकट, म्युजियम आदि अमेरिकाभर फैलिएको छ ।

आफ्नो जागिर (काम) त्यागेर छोरालाई विश्व सेवक शिक्षा दिने उनको आमा न्यान्सी इडिसनलाई हामीले पनि थोमस अल्वा इडिसनसँगै सम्झन र श्रद्धाञ्जली समर्पित गर्नैपर्छ जस्तो मलाई लाग्छ ।

❒ ❒

## साहित्यिक पत्रपत्रिका पढ्ने गरौं

**रचना, अभिव्यक्ति, हाम्रो पुरुषार्थ, दायित्व, शिवपुरी सन्देश, जनमत, सुलेख, शब्दाङ्कुर, कौशिकी, शृङ्खला, नवप्रज्ञापन, अक्षरमार्ग, जमघट, चेतना सन्देश, कल्पतरु, आलेखन, नारीस्वर, रजस्थल, कपन वानेश्वर, दोभान, वैजयन्ती, शब्दसंयोजन, वनिता, अभिनव, कथालिका, संगम, अभियान, आलेख आदि साहित्यिक पत्रिकाहरु पढ्ने गरौं ।**

***साथै अनलाइनमा स्वर पत्रिका डटकम र केटाकेटी अनलाइन डटकम बालपत्रिका पनि पढ्ने गरौं ।***

## अग्रज कलम

# अमृता प्रीतमका दुई अनुदित कविता



**अनुवादः रिमा केसी**

### १. इच्छापत्र

*आफ्नो पूरा होसहवासमा*
*लेखिरहेको छु म आज*
*इच्छापत्र आफ्नै !*

*म मरेपछि,*
*खङ्गाल्नु मेरा कोठा*
*खोतल्नु हरेक चिज*
*घरभरि बिना ताल्चाका*
*मेरा सामान छरिएका छन् !*

*दिनु मेरा सपना,*
*ती तमाम स्त्रीहरूलाई*

*जो चुलो-चौकादेखी ओछ्यानसम्म*
*खुम्चिएका छन्, आफ्नै दुनियाँमा*
*हराएका छन् तिनीहरू*
*जो वर्षौं पहिले भुलीसकेका छन् सपना देख्न !*

*बाँडिदिनु मेरा हाँसोका खित्काहरू,*
*वृद्धआश्रमका ती वृद्धहरूमा*
*जसका सन्तानहरू*
*अमेरिकाका जगमगाउँदा सहरमा हराएका छ्न् । !*

*टेबलमाथि हेर्नु,*
*मेरा केही रङ्गहरू होलान्*
*ती रङ्गहरूले*
*रङ्गाईदिनु विधुवाको साडी*
*जसको श्रीमानको रगतले सीमाना रङ्गिएको छ*
*झण्डामा लट्पटिएर ऊ हिजो राति सुतेको छ !*

*आँसु मेरो दिनु*
*ती तमाम शायरहरूलाई*
*जसको हरेक थोपाहरूबाट हुनेछ गजलको जन्म*
*यो मेरो वचन भयो !*

*मेरो मान, मेरो पवित्रता*
*त्यो वेश्याको नाममा गरिदिनु*
*जो बेच्छे आफ्नो शरीर*
*छोरी पढाउनलाई !*

*यो देशका एक-एक युवालाई समातेर*
*लगाई दिनु इन्जेक्सन मेरो आक्रोशको*
*जसको जरुरत पर्नेछ, क्रान्तिका ती दिनहरूमा !*

*पागलपन मेरो,*
*पर्नेछ्न हिस्सामा ती सुफिहरूको*
*जो निस्किएका छन्*
*सबै छोडी ईश्वरको खोजिमा !*

*बस् !*
*बाँकी बच्यो*
*मेरो ईर्ष्या*
*मेरो लालच*
*मेरो क्रोध*
*मेरो झुट*
*मेरो स्वार्थ*
*यसो गर्नु*
*यसलाई म सङ्गै जलाईदिनु ।*

## २. सिगरेट

*यो आगोको कुरा हो*
*तिमीले यहि कुरा सुनायौ*
*यो जिन्दगीको त्यही सिगरेट हो*
*जुन तिमीले कुनै दिन सल्काएका थियौ*

*झिल्को तिमीले बालेका थियौ*
*यो दिल सधै जलि रहयो*
*समयले कलम समातेर*
*केही हिसाब लेखी रहयो*

*चौध मिनेट भएको छ*
*यस्को खाता हेर*

*चौध वर्ष नै हो*
*यो कलमलाई सोध*

*मेरो यो शरीरमा*
*तिम्रो श्वास चली रह्यो*
*धर्ती साक्षी छ*
*धुँवा निस्की रह्यो*

*उमेरको सिगरेट जलि सक्यो*
*मेरो प्रेमको सुगन्ध*
*केही तिम्रो स्वासमा*
*केही हावामा मिलि सक्यो*

*हेर यो आखिरी ठुटो हो*
*औँलाहरुबाट छोडिदेउ*
*कतै मेरो प्रेमको आँचले*
*तिम्रा औँला नछोउन*

*जिन्दगीको अब पिर छैन*
*यो आगोलाई समाल*
*तिम्रा हात सकुशल रहुन*
*अब अर्को सिगरेट जलाउ !*

❒ ❒

## व्यक्तित्व चर्चा

# विचार, व्यवहार र व्यक्तित्वको एकरूपतामा स्रष्टा ठाकुर शर्मा भण्डारी



**गोपी मैनाली**

**विषयप्रवेश**

स्रष्टा र सिर्जना उस्तै हुन् वा हुनुपर्छ भन्ने आग्रह राख्न सकिदैन । बहुत थोरै स्रष्टामात्र विचार, बुझाइ र व्यवहारमा उस्तै देखिन्छन् । आदर्श र आग्रह फरक हुन्छ । अक्षर र आचरण फरक हुनु सामान्य कुरा हो । स्रष्टा जस्तो अरूलाई आदर्श सिकाउने व्यक्तिको विचार र वास्तविकता फरक हुनुहुँदैन तर वास्तविकता त्यही हो त्यो फरक हुन्छ । विचार र व्यवहार उही नभए सिर्जनाले सर्जकलाई र सर्जकले सिर्जनालाई अन्तर्बोध गर्दैनन् । ठ्याम्मै दोहोरो अन्तरबोध भएका सिर्जना र स्रष्टा हुँदैनन् । अरूबाट मात्र आदर्श चाहने सामान्य संस्कार भएको समाजमा यो अवस्था अपवादमा मात्र भेटिन्छ ।

वरिष्ठ सर्जक ठाकुर शर्मा भण्डारीका विचार र व्यवहारमा धेरै समानता पाइन्छ । उनको सामान्य जीवनशैली, व्यवहार र शालीनता सिर्जनामा देखिन्छ । उनको आचरणलाई अक्षरले उठाउँदै आएको छ । व्यक्तिगत जीवन र व्यवहारमा

देखिएको सरलता साहित्यमा देखिनु महानता हो । यसले संसार सुन्दर बनाउन व्यवहार र बोली, विचार र व्यक्तित्व उस्तै चाहिन्छ भन्ने सन्देश अरू सर्जकलाई पनि दिइरहेको छ। उनका सिर्जनामा आत्मिक निष्ठाका अभिव्यक्ति पाइन्छन् । उनको निबन्धमा नैतिक अभीष्टको चिन्तन पाइन्छ, कवितामा आत्माशुद्धिको आग्रह छ। कविताका श्लोकहरू मनमाभ्केर निस्कन्छन् र समाज उजिल्याउने तेज दिन्छन् । भूमिका लेखनमा उनकै दृष्टिदर्शनको आग्रह छ। समालोचनामा उनकै दृष्टिकोणको सन्देश छ। धेरै विषयविधामा बाँडिएका शर्माको चिन्तन केन्द्रीयता भने एकै छ - मानवमूल्य र आध्यात्मिकताको प्रवर्द्धन । चारदशकभन्दा लामो सिर्जना यात्रामा उनी आफ्नै चिन्तनमा खारिँदै-गहिरिँदै-फैलिँदै गएका छन् ।

**शर्माका कृतिहरू**

ठाकुर शर्मा दुई दर्जनभन्दा बढी कृतिहरूमा प्रकाशित भइसकेका छन् । व्यक्ति प्रकाशित हुनु भनेको उसका विचार, दर्शन र आदर्शहरू सार्वजनिक हुनु हो । गोनिष्क्रमणस्थलको महिमा (अनुवाद २०५२) बाट कृतिमा आएका शर्माका अन्तर्ध्वनि (कवितासङ्ग्रह २०५५), आस्थाका पाइला (कवितासङ्ग्रह २०५९), उपासना (कवितासङ्ग्रह २०६०), तीतामीठा कुरा (सहलेखन २०६३), वसन्तानन्द (चम्पूकाव्य २०६५), विमर्शन (समालोचनासङ्ग्रह २०६६), प्रकृतिमा मान्छे (मुक्तकसङ्ग्रह २०६६), नीति-विचार (सहलेखन २०६७), पञ्चामृत (आध्यात्मिक लेख २०६८), साहित्ययात्राका पदचाप (समालोचनासङ्ग्रह २०७०), शब्दनाद (कवितासङ्ग्रह २०७०), अभिनव (काव्य २०७१), सूक्तिसुधा (अनुवाद २०७२), पद्यमुक्तक (मुक्तकङ्ग्रह २०७३), अभिव्यञ्जन.( समालोचनासङ्ग्रह २०७४), विवेचन (समालोचनासङ्ग्रह २०७४), परिदर्शन (समालोचनासङ्ग्रह २०७४), परिदर्शन (समालोचनासङ्ग्रह २०७४), सम्मिलन (कवितासङ्ग्रह, २०७५), आरोहण (महाकाव्य त्रयोदश कवि संयुक्त २०७५), शब्दार्चन (भूमिकासङ्ग्रह २०७६), नीतिपद्य (नैतिक दृष्टान्त २०७७), खण्डकाव्य त्रयोदश (संयुक्त खण्डकाव्य २०७७), आत्मचिन्तन (काव्य २०७७), त्रिविधा (निबन्ध, २०७८), हास्यव्यङ्ग्य महारथी भैरव अर्याल (समालोचना २०७९) नीति की कविताएँ (२०७९) कृतिहरू प्रकाशित भइसकेका छन् ।

समयका आधारबाट शर्माका सिर्जनालाई हेर्दा पहिला कविता र धार्मिक ग्रन्थबाट शुरु हुन्छ र समालोचना र चिन्तनमा केन्द्रित हुँदै गएको देखिन्छ। पद्य र गद्य दुवैतिर उत्तिकै कलम चलाएका छन्। स्रष्टाहरू सिर्जनाबाट शुरु हुन्छन् र चिन्तनमा गहिरिन्छन्। शर्मा पनि यसका अपवाद होइनन्। भावनाहरू पोख्ने र पोखिएका भावनामाथि चिन्तन गर्ने प्रवृत्ति शर्माका सिर्जना यात्रामा देखिन्छ।

**शर्माका सिर्जना मूल्य र प्रवृत्ति**

ठाकुर शर्मा वैदिक दर्शन र संस्कृत सहित्यको माध्यमबाट जीवन मूल्य खोज्ने गर्दछन्। भगवान् श्रीकृष्ण समाज सञ्चालन गर्न शास्त्र (नीति), धर्म (आचरण) र कर्म (काम)लाई आधार मान्दछन्। यो नै पूर्वीय दर्शनको सार पनि हो, जसले समाजलाई सधैँ सभ्य र स्निग्ध बनाउँछ। ठाकुर शर्माका कृतिहरूको प्रधान भाव पनि यही हो। उनका समालोचनाबाहेकका कृतिमा पाइने प्रधान तत्त्व नै पूर्वीय दर्शन हो। समकालीन समाजमा पूर्वीय दर्शनको खोज, अनुसन्धान र अभ्यासमा कमी आएको छ। वेद, पुराण, स्मृति र नीतिशास्त्रहरूको अध्ययन अवलम्बन गर्ने प्रवृत्तिलाई सतही सोच र भौतिकवादी संस्कारले विस्थापन गरेको छ। समाज यान्त्रिकता र व्यक्तिवादी व्यवहारमा अगि बढेको छ। यसले नेपाली समाज र जीवनशैलीलाई आफ्नो निख्खर मौलिकताबाट पथभ्रान्त पार्दै लगेको छ। त्यसैले नीति, दर्शन, शास्त्र-सिद्धान्त र मूल्य-मानवयता देखाउने अभीष्ट उनका सिर्जनामा हरेका छन्। दिग्भ्रमित भई खोक्रिँदै गएको मानिसलाई नीतिनिर्देश गर्न नीतिपद्यमा कवि शर्मा भन्छन् :

*तीक्ष्ण बुद्धि भए के भो ? मान्छे त्यो स्वार्थ हेर्दछ।*
*कोसौं माथि उडी गिद्ध शव नै मात्र देख्दछ।*

. . .

*आफ्नो दोष स्वयं देख्ने माथि नै बन्छ देव रे !*
*बचनबाण धोवीको स्वीकारे रामचन्द्रले।*

मानिसमा भएको असीमित सम्भावना विरोलिनु हुँदैन, विषयान्तर हुनुहुँदैन भन्ने आग्रह रहेको 'नीतिपद्य'मा मानवता, प्रेम, कर्तव्य, त्याग, समर्पण, शिक्षा र दर्शन पाइन्छ। सिद्धार्थ गौतमले भने झैँ समाजमा देखिने दुःखका कारण छन्, त्यो अज्ञानता र कर्तव्यहीनता हो। त्यसैले 'नीतिपद्य'ले मानव समाजलाई मूल्यनिर्देश गरेको छ। काव्याभिब्यक्तिमा निष्ठुरता र कठोरता छैन।

समाजभित्रकै सम्भावना र सौन्दर्य खोज्ने, मानिसभित्रको कलुषपन उदिन्ने र समाजलाई उजिल्याउने सूक्तिहरू छन् । सरल, कोमल र शिल्पपूर्ण श्लोकहरूले रसानुभूतिका साथ शिक्षा र सन्देश दिएको छ ।

'आत्मचिन्तन' ज्ञान-दर्शनमा गुरु-शिष्यको संवाद शैलीमा आत्मचिन्तन गरिएको कृति हो । कवि ठाकुर शर्मा भण्डारी आफ्नो आध्यात्मिक काव्यमा सांसारिक ज्ञानको विशाल चित्र उतार्छन् । आत्मा र परामात्माबीचको सम्बन्ध देखाउँछन् । संसाररूपी वृक्षमा दुई पक्ष छन् जीव र ईश्वर । कवि भन्दछन्-' सँगसँगै बस्ने परस्पर मित्रभाव राख्ने दुई पक्षी (जीवात्मा र परमात्मा) एउटै वृक्ष (शरीर) को आश्रय लिएर बस्छन् । ती दुईमा एक त्यो वृक्षको कर्मरूपी फल स्वाद लिई लिई उपभोग गर्छ तर अर्को ती फल नखाएर केवल हेरिरहन्छ, साक्षी दृश्यमात्र हुन्छ' । कवि श्रीमद्‌भावगतका सूत्रका मर्महरू, बौद्धबाणीका मर्महरू, वेद उपनिषदका रस पोखिरहेका छन्, तर सामान्य पाठक ती रसमधुलाई आस्वाद गर्ने सामर्थ्य कति राख्छन् ? त्यसमा उनको चिन्ता छैन, अध्यात्मशक्तिको कथा बताउँछ्न्, ब्रह्मका शक्ति उजागर गर्छन् । 'नीतिपद्य'मा जस्तै कवि मानवीय प्रकृतिको उजागर गर्दछन् :

*मानिसभित्रको मान्छे स्वयंमा पूर्ण भो तर*
*मात्तिने आत्तिने गर्छ विषयी रागको भर ।*
*स्वरूप मनमा आयो हल्का हावा चलाइँदा*
*आवरण छ आफैमा अविद्याको दवाइमा ।*

त्यसैले कवि शास्त्रविद्याको अध्ययन मननको आग्रह गर्दछन् :

*वेदादि शास्त्र रचिए शुभकर्मनिम्ति*
*विद्या सिकाउन यहाँ भवधर्मनिम्ति*
*आकाश झैँ स्वरूपका ध्रुवसत्यतामा*
*चल्छन् सदा प्रगति-जीवन धारणामा ।*

काव्यको सार परमात्माको चेत हो, मानिस कर्मले आफै ईश्वर समान छ । ईश्वरीय शक्तिको अभ्यासमा नै समाज स्वर्ग बन्छ तर उसले त्यो शक्ति चिन्नुपर्छ । त्यसैले कवि फेरि आग्रह गर्दछन् :

*आत्मारोपित सम्पूर्ण कल्पना यो हटाउँदा*
*मनुष्य छ स्वयं ब्रह्म अद्वितीय स्व-रूपमा ।*

*स्थिरतामा पुगे चित्त परमात्मा उहाँ उहाँ*
*निर्विकल्प छ यो ब्रह्म आफू हुन्छ जहाँ तहाँ ।'*

विद्वान् गोपीकृष्ण शर्मा भन्छन् - काव्यको मुख्य पक्ष भनेको आध्यात्मिक ज्ञानको निरूपण हो, जसलाई गुरुशिष्यको संवादद्वारा स्पष्ट पारिएको छ । आत्मातत्त्व विवेचनासम्बन्धी गहन विषयलाई सरल र सुस्पष्ट काव्यभाषामा प्रस्तुत गरिएको छ । अहिलेको समय आध्यााात्मिक ज्ञान र आत्मचिन्तनको खाँचो छ । जे खाँचो छ, त्यसलाई कविले प्रस्तुत गरेका छन्, चिन्तन गरेका छन्, चेत दिएका छन् ।

'पञ्चामृत' आध्यात्मिक निबन्ध (प्रवन्ध) हो । 'नीतिपद्य'मा झैँ यसको सार पनि आत्मिकचेत र सौन्दर्य हो । वैदिक ब्रह्म, पुराण पाशुपत क्षेत्र, रुरुक्षेत्र र धर्म संस्कृतिमा केन्द्रित यो निबन्धसङ्ग्रह ज्ञान, बुद्धि, सीप, विवेक र प्रयोगको सङ्गम हो । मानिसका कलुषित प्रवृत्तिलाई चित्तशुद्धिमा ल्याउने आशयमा निबन्धहरू केन्द्रित छन् । कृति पढ्दा धर्मग्रन्थ पढेजस्तो लाग्छ तर यसले पनि दिने मानवीय दर्शन हो, आत्मिक चेतना हो । 'पञ्चामृत' भौतिक बिज्ञान र बैयक्तिकताको आलोचना र विश्‍बन्धुत्व अनि आध्यात्मिकताको अभिव्यक्ति हो । त्यसैले यो अमृत हो । 'पञ्चामृत'ले मानव सुख र आत्मचिन्तनको बाटो मात्र देखाउँदैन, वैदिक वाङ्मयमा लिपिवद्ध हुँदै आएको राष्ट्र, राष्ट्रियता र सहअस्तित्वको भावनालाई पनि उजागर गर्दछ । शिवलाई सौन्दर्य र शक्तिका रूपमा देखाइएको छ । प्रकृतिको गाथा छ र नेपालको गरिमा छ । जन्मभूमिलाई आमा समान मानिएको छ, यसर्थ प्रकृति, अध्यात्म, मानवता, संस्कार र सौन्दर्यलाई सूत्रवद्ध गर्दै समस्त प्राणीको अस्तित्व रक्षा गर्ने बचनहरू 'पञ्चामृत'मा छन् ।

वरिष्ठ साहित्यकार ठाकुर शर्मा भण्डारीको 'शब्दार्चन' छुट्टै सिर्जना प्रयोग हो । कृतिमा शर्माले ४३ कृतिको भूमिका सँगालेका छन् । सर्जकको कृतिको अभिन्न अग्रिम भागमा रहने भूमिकालाई अलग कृतिको रूप दिइएको छ । कृतिको ओज बढाउन र कृतिको विवेचना गर्न कृतिमा भूमिका राख्ने चलन छ तर भूमिकाहरू छुट्टै कृतिको रूप दिने प्रचलन त्यति छैन । भूमिकाले कृतिको बनौट, संरचना, शिल्प, प्रयोग, प्रवृत्ति, लिइएका दृष्टि-दर्शन सबैलाई स्पष्ट पार्दछ । पाठकहरू कृतिमा प्रवेश गर्नु अघि भूमिकाबाट सार लिन्छन्,

प्रयोग र प्रवृत्ति बुझ्छन् र कृतिका विषयमा आफ्नो अवधारणा बनाउँदै आस्वाद लिन्छन् । भूमिकाकार लेखकले भन्न नसकेका वा भन्न नहुने विषयमा रौचिरा विश्लेषण गरी पाठक-विवेचकको सहयोगीका रूपमा रहन्छ । अर्को अर्थमा भूमिकाकार कृतिको पहिलो पाठक र विवेचक हो ।

भूमिकाकार शर्मा विभिन्न कृतिको भूमिका मार्फत आफ्नो विधागत दृष्टिकोण पनि प्रस्तुत गरिरहेका हुन्छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा, निबन्धकार शङ्कर लामिछाने र समालोचक बासुदेव त्रिपाठीका भूमिकाले कृतिको ओज उठाउने गरेको छ । देवकोटा भूमिकामार्फत कृतिले दृष्टि नपुऱ्याएको सङ्क्षेत्र उद्घाटन गरेर कृतिलाई नयाँ उचाइमा उठाइदिन्छन् । भनौं सिर्जनालाई नै विस्तार गरिदिन्छन्, नवसिर्जना गरिदिन्छन् । लामिछाने कृतिमा गहिरिएर घनत्वको खोजी गर्छन्, अक्षर अक्षरको भाव खोतल्छन् । त्रिपाठी विश्लेषणामार्फत कृतिको समग्र व्याख्या गरिदिन्छन् । भूमिकामार्फत कृतिको पुनर्निर्माण हुने गर्दछ । सबै भूमिकाकार यस कोटिमा पुग्दैनन् । भूमिकाकार ठाकुर शर्मा गहिरिएर कृतिको विवेचना गर्छन्, नयाँ सङ्क्षेत्र देखाउँछन् र आफ्ना दृष्टिकोण दिँदै मूल्यनिरूपण गर्छन् । जस्तो कि भरत पीडितको शोककाव्य 'अब म पाऊँ कहाँ ?' मा कृतिको विवेचना मात्र गरेका छैनन्, पीडाको सार्वजनीकरण गरेर, पीडामाथि सिर्जना गरेर सर्जकहरू शोककाव्य लेख्छन् भन्ने दृष्टिकोण देखाएका छन् । उनको भनाइको सार पीडाको समानुभूति पाठकसम्म पुऱ्याई पीडाको विरेचन गर्नु शोककाव्य हो । विनयकुमार शर्मा नेपालको निबन्धसङ्ग्रह 'माथापच्ची' मा निबन्धको प्रवृत्तिलाई यसरी पद्यात्मक प्रस्तुति गरेका छन् :

*'दर्शन माझिएको छ, विनयीभाव आउँछ*
*आनन्द रस भेट्टाई शब्दब्रह्म  सजाउँछ ।*
*एकल भवनाबाट उर्लिएको निबन्ध यो*
*एकाकार बनाएको झल्को आउँछ देशको ।'*

पद्यका सूत्रहरूमा विषयको चिरफार गर्ने, विधाविन्यासलाई चिर्ने अनौठौ शैलीका कारण ठाकुर शर्माका भुमिकाहरू विशेष लाग्छन् । कृति लोकार्पणमा समीक्षकका रूपमा प्रस्तुत हुँदा पनि शर्मा श्लोकमा सूत्रवद्ध भएर भाका हाल्छन् ।

हरिप्रसाद पाण्डेको 'मनका कुराहरू' कवितासङ्ग्रहमा कवितालाई कविलाई सृष्टिकर्ता, कवितालाई अन्तर्हृदयबाट विषयबस्तु, भावनात्मक सिर्जना, मास्थितिलाई सत्मार्गीतिर डोऱ्याउने चेतना बताएका छन् । कविता र काव्यको परिभाषा गर्दा शर्मा पूर्वीय दर्शन र आध्यात्मिकतामा पुग्छन् । विनोद खड्काको नियात्रा 'पातालका मान्छेहरू' मा 'पाठकलाई आफूसँगै हिडाउने क्षमता' ले नियात्राले जीवन पाउने दृष्टिकोण राख्छन् । विजय थापाको 'समुद्रवारि समुद्रपारि' र रामप्रसाद पन्तको 'गन्तव्य मन्तव्य' मा पनि यसरी नै नियात्राको बैशिष्ट्य भूमिकामार्फत व्यक्त गर्दछन् ।

शर्माका भूमिका लेखन व्यक्ति विवरण, कृति विवरण, कृतिमाथिको विश्लेषण र विधा दृष्टिकोणका विश्लेषणमा रहेका छन् । शर्माका भूमिकाको अर्को विशेषता उनका कतिपय कवितामा छन्दोवद्ध, सूत्रवद्ध र लयात्मक हुनु हो, कतिपय गद्यमा भएपनि अन्त्य पद्य अभिव्यक्तिबाट हुन्छ । भूमिका आयतनमा एकरूपता नभै लामा, मध्यम र छोटा आकारमा छन् । यात्रा, संस्मरण, आलेख, स्मृतिग्रन्थ, कथा, कविता सबै विधा-प्रविधा र अविधाहरूमा पनि भूमिकाहरू लेखिएका छन् ।

यी भूमिका सन्दर्भबाट शर्माको भूमिका लेखनको दृष्टिकोण निर्माण भएको देख्न सकिन्छ । भूमिकाकार पाठकमात्र होइन, न अक्षरका उरोल उत्र्याउने काम नै भूमिकाले गर्नु हुन्छ, भूमिकाले त कृतिको गहिराइमा पसेर त्यसमाथि विवेचना गर्नुपर्दछ, मूल्यको विवेचना, प्रयोगको विवेचना, परिवेशको विबेचना, अझ सके त रचनागर्भदेखि रचना फलाप्तिसम्मको विवेचना गर्नुपर्छ ।

शर्माका अनगिन्ती समालोचना र समीक्षाहरू प्रकाशित छन् । पछिल्लो एक दशकमा मात्र उनका पाँचवटा समालोचना प्रकाशित छन् । उनका परिदर्शन, विवेचन, अभिव्यञ्जन, हास्यव्यङ्ग्य महारथी भैरव अर्याल शर्माका प्रमुख समालोचना कृति हुन् । उनका थुप्रै फुटकर समालोचना पनि प्रकाशित छन् । यी समालोचनामार्फत समालोचकीय विधामा आफ्नो स्थान निर्माण गर्न सफल भएका छन् । शर्माका समालोचना प्रभावपरक, मूल्यकेन्द्रित र विवरणात्मक छन् ।

शर्मा काव्य आस्वादका सन्तुलित प्रतिक्रिया र पूर्वीय साहित्यचेतका आधारमा मूल्य विश्लेषण गर्न रुचाउछन् । उनका समालोचनाले सर्जकलाई

सूचना, शिक्षा, सचेतना र मार्गदर्शन गरेको छ। यस अर्थमा समालोचकीय धर्म र न्याय निर्वाह भएको देखिन्छ । जस्तो कि परिदर्शन समालोचनासङ्ग्रहमा कथाकार विश्वेश्वरप्रसाद कोइरालाको 'दोषी चस्मा' मा सङ्ग्रहित कथाहरका सन्दर्भमा निष्कर्ष निकाल्छन्-'कथासङ्ग्रहका कथाहरूका मात्र नभएर उनले लेखेका अरू साहित्यिक विधाहरूमा स्वच्छन्दतावादी यथार्थको चित्रण एकातिर पाइन्छ भने अर्कोतिर मानवीय आन्तरिक मनोदशाको विश्लेषण पनि उत्तिकै रूपमा प्रस्तुत भएको देखिन्छ' । वास्तवमा विश्वेश्वरका कथाहरूमा स्वच्छान्दताको खोजीमा अन्तरमनको द्वन्द्व पाइन्छ र मुक्तिचेतको अचिष्ट राखिन्छ । समालोचकले यो कुरा संक्षिप्त रूपमा तर पूर्णता पक्डिने गरी दिएका छन् ।

समालोचकीय न्यायको अर्को पक्ष शर्माका समालोचनामा आधुनिक कालका मूर्धन्य सर्जकहरू, चालिसेका दशकका स्थापित सर्जकहरू र नवोदित स्रष्टाहरूका रचनाले स्थान पाएका छन् । स्थापित मूर्धन्य स्रष्टाको प्रयोग विशिष्टता, दोस्रो र तेस्रो पुस्तको प्रवृत्ति र नवोदित स्रष्टाले समाउनुपर्ने बाटोलाई अप्रत्यक्ष रूपमा एकै स्थानमा समालोचकले प्रस्तुत गरेका छन् । प्रायतः समालोचकहरू व्यक्ति र आग्रहमा देखिन्छन् । तर शर्माका समालोचना, समीक्षा, भूमिका लेखन त्यसबाट माथि छन् । त्यसैले प्रभाव, परिगेलन, प्रोत्साहन र मार्गदर्शन शर्माका समालोचकीय प्रवृत्ति हुन् ।

शर्माको पछिल्लो समालोचना कृति 'हास्यव्यङ्ग्य महारथी भैरव अर्याल' हो । यस कृतिमा आइपुग्दा शर्माका नवीन प्रवृत्ति र दृष्टिकोण देखिएका छन् । पहिलो कुरा, यो शर्माको व्यक्तिकेन्द्रित समालोचना हो । दोस्रो, यसमा अर्यालको जीवनी, लेखनी, वृत्ति र सर्जकका जीवनका विविध पक्षहरू समेटिएका छन् । तेस्रो, यसमा समालोचकीय अन्वेषण छ । चौथो, हास्यव्यङ्ग्य विधाको अन्य विधासँग सम्बन्ध उल्लेख गरिएको छ । पाँचौं, हास्यव्यङ्ग्यकार आर्याललाई यस विधाका महारथी भनेर उनको स्थान निर्धारण पनि गरिएको छ । यी विश्लेषण, ठम्याई र निष्कर्षमा समालोचकीय न्याय कायम छ ।

**उपसंहार**

वरिष्ठ साहित्यकार ठाकुर शर्मा भण्डारीका सिर्जना नैतिकचेत, मानव मूल्य र वैदिक दर्शनले ओतप्रोत छन् । जीवनका निरिक्षण र भोगाइको

प्रवृत्तिलाई सिर्जनाले आधार बनाएका छन् । सिर्जनाले जीवनका भोगाइलाई सरल, सुसंस्कृत र श्लील बनाउने आग्रह आग्रह गर्दछन् । मानिसलाई सामाजिक प्राणीका रूपमा सुन्दर, सचेत, सान्दर्भिक र सभ्यशिष्ट बनाउने पूर्वीय दष्टिकोणको पृगठभूमिमा उनका काव्य रचिएका छन् । वेदान्त दर्शन अनुसार मानिसका तीन गुण सत्व, रज र तमो हुन् । पाठकको मनमा सत्व गुणको अभिर्भाव हुने आनन्दानुभूति साहित्य सिर्जनाको कार्य हो । पश्चिमी दार्शनिकहरू ब्रैडली कलावादी, रिचड्र्स मूल्यवादी र इलिएट अभिव्यक्ति मतबाट कला सिर्जना हुने मतदेखि भिन्न पूर्वीय दर्शन आदर्शवादी मानव अस्तित्वको खोजी गर्छ । शर्मा पूर्वीय दर्शनका प्रयोक्ता भएकाले आदर्श मानिसको खोजी गर्छन् । सर्जक शर्मा कवितालाई जसरी आग्रह गर्दछन्, त्यही प्रयोगमा छन् र उनको जीवनशैली पनि त्यसैको सापेक्षमा देखिन्छ । उनको काव्य दृष्टिकोण, काव्य प्रयोग र जीवन व्यवहार लगभग उस्तै छन् :

*'यो सृष्टि उज्ज्वल हुँदा कविता रसाइन्*
*सौन्दर्यकी कृति-विधा मनमा उदाइन्*
*अध्यात्मको सागरमा मन घुम्न थाल्यो*
*पाइन्छ क्यै रस भनी मन चुलबुलायो' ।*

शर्मा समालोचनामा भने पश्चिमी प्रतिष्ठातासँग नजिक छन् । समालोचना कृतिको मूल्याङ्कन हो, कृतिमाथि पुनर्सिजना हो र मूल्यको विवेचना हो । समालोचनाको कार्य आस्वादन, विश्लेषण र मूल्याङ्कन हुन् । यी तीन अवस्था पार नगरी समालोचना पूर्ण हुँदैन । निर्णय मूल्यको निरूपण हो, मूल्याङ्कनको कार्य हो । समालोचकीय निर्णय वर्णनात्मक, सापेक्षित र मूल्यपरिलक्षित हुन्छ । शर्मा पहिलो पक्षमा केन्द्रित रहेर समालोचना गर्छन् । सरल विश्लेषण, प्रभाव निरूपण र परोक्ष मार्गदर्शन शर्माका समालोचकीय प्रवृत्ति देखिन्छन् ।

❐ ❐

*मैनाली निवास, क्षितिज मार्ग, शङ्खमूल (राम नवमी, २०८१)*

## कविता

# मेरो छायाँ



**सुलोचना सैंजू**

*मेरो घर,*
*आँगन*
*अनि बाटोमा वा सबै ठाउँमा*
*मेरो छायाँ पछिपछि आईरहेकी छिन् ।*

*मलाई थाहा छ,*
*उनी मेरो साथ जन्मेकी हैन,*
*मेरो साथ मृत्यु हुने पनि हैन,*
*जति नै मेरो पछिपछि आए पनि,*
*मैले उनलाई आफ्नै रङ्गमा बदल्न सकिन ।*

*म रातै भए पनि वा म हरियो भए नि*
*सबै रङ्ग उनको निम्ति फगत छन् ।*

*जहिले जहाँ पनि,*
*उनी एउटै रङ्गमा बाँचीरहेकी छिन् ।*
*प्रत्येक उज्यालो र प्रकाशभित्रको*
*मेरो जीवनलाई उनले कहिल्यै छोडेकी छैन ।*

*सबैले छोडे पनि मलाई,*
*उनी मेरो पछिपछि आइरहेकी  छिन् ।*
*मेरो छायाँ सुखमा अनि दुःखमा, यद्यपि,*
*मेरो शरीरसँग छिनभर पनि समान रही बसेकी छैन उनी ।*

*म एक तमास बुढी हुन सक्दछु,*
*वा अग्लि हुन सक्दछु,*
*तर उनी कहिल्यै अग्लि भइनन् र होची पनि भइनन् ।*

*हरेक उज्यालो अनि*
*प्रकाशको स्पर्शमा,*
*उनी मेरो पछिपछि आईरहिन् ।*

*मेरो मृत्युमा उनी मसँग आउने छैन,*
*अँध्यारो ठाउँमा उनले मलाई*
*आफ्नो भनी स्विकार्ने पनि छैन,*
*उनी बाँच्नुको शाश्वत भन्नू नै केवल उज्यालो*
*अनि प्रकाश, तसर्थ,*
*जहाँ उज्यालो अनि प्रकाश हुन्छ*
*ब मेरो छायाँ मसँगै  हुन्छिन्,*
*मेरो घर, आँगन अनि बाटो सबै ठाउँमा मेरो छायाँ ।*

❒ ❒

**कविता**

# आधा फूल



**दिनेश पाण्डे**

*सियोको टुप्पोजस्तो*
*जीवनको छोटो अध्याय*
*सुरु हुनै थालेथ्यो*
*फुल्दै थिएँ*
*बाआमाको ओठमा*
*केही सापटी मागेर जून*
*केही ऋण मागेर आकाश*
*मलाई अझै खुसी हुनुथियो ।*

*आमाको बिहानीघामझैं नपोल्ने*
*न्यानो काख*
*बाको स्नेही अङ्गालो*
*साथीभाइसँगको भाँडाकुटी खेल*
*मलाई पुगेकै थिएन*
*पटक्कै पुगेकै थिएन*
*चौरभरिको धुलो*
*मलाई त समेट्नु थियो*
*घरको आँगन*
*आँगननिरकै केराघारी*
*नास्पाती, आँपको बोट*
*आहा ! ती वृक्षझैं कति स्वादिला थिए*
*हजुरबा हजुरआमाका प्रेममय शब्दहरू !*
*पाठशालामा ज्ञान बाँढ्ने*
*पितातुल्य गुरुका*

*वेदका ऋचाझैँ पवित्र शब्द*
*सहपाठीहरूसँगको मस्ती*
*पाठशालाबाट फर्कँदाको खुसी*
*खुसी आमाले तुल्याउनुभएको खाजाको*
*स्वाद जिब्रोभित्र पस्न बाँकी थियो*
*सबै अधुरो भयो ।*

*सूर्यमुखी फुलेका खेतभरि*
*म खुसी फुलिरहँदा*
*मलाई तानेर*
*सूर्यमुखीको झ्याङमा लाने हात*
*ठानेको थिएँ*
*मेरो बाको जस्तै हो*
*मेरो दाइको जस्तै हो*
*मेरो साथीको जस्तै हो*
*जहाँ म निर्धक्क फुल्न सक्छु*
*निर्धक्क खुल्न सक्छु*
*तर, होइन रहेछ*
*त्यही दिनदेखि म फुल्न छोडेँ ।*

*असीम पीडाले म*
*रोइरहेँ, रोइरहेँ*
*ऊ रोएन*
*'मलाई जान देऊ*
*म तपाईंकी छोरीजस्तै हुँ !' भनेँ*
*उसले सुनेन*
*अग्नि पसेझैँ देहमा*
*आँखाको डिल हुँदै*
*समुन्द्रजस्तै बगे आँसु*
*उसले देखेन*
*हात जोडेँ*
*उसले देखेन*
*हेर्दाहेर्दै म बेहोस भएँ*
*अनि, ब्युँझदा अर्कै भएँ ।*

*बा भन्नुहुन्छ*
*-'तैँले बाँच्नुपर्छ !'*
*साथीहरू भन्छन्*
*-'हार नमान्, जुध् परिस्थितिसँग !'*
*टुक्रिएकी म*
*चुराजस्तै फुटेको छु*
*कहिले नजोडिने गरी*
*छताछुल्ल भएकी छु सिसाजस्तै गरी*
*मलाई अधमरो बनाउने*
*त्यो राक्षस*
*मजस्तै अरू कोही फूलको यौवन*
*चुँड्नलाई*
*शिकारी नजर डुलाउँदै होला*
*वर्षौं भयो*
*ऊ कानुनको फन्दामा परेको छैन*
*मलाई अब यो जिन्दगी पुग्यो*
*बाँच्ने अब रहर छैन ।*

❐ ❐

कविता

# स्वयम्



जितेन्द्र रसिक

*महासय*
*तिमी देश बदल्ने कुरा गरिरहेछौ ?*
*पख,*
*एकछिन पख*
*देश बदल्नुअघि*
*तिमी*
*तिम्रा बालाई हेर*
*तिम्रा हजुरबालाई हेर*
*एकपटक आमालाई हेर*
*अनि, हजुरआमालाई पनि हेर*
*पुस्तौँदेखि*
*देश बदल्ने नाममा*
*तिम्रो हातमा थमाइएका*
*त्यो रङ्गीचङ्गी*
*झण्डाहरूलाई हेर*
*झण्डासँगै*
*एकचोटि*
*एक एक नियालेर हेर*
*आफैँलाई*
*अनि*
*देश बदल्छु भनेर*
*हिजो*
*तिमीसँगै काँधमा काँध मिलाएर*
*झण्डा बोकेका तिम्रा छोरा*
*अनि, छोरी र नाति पुस्तालाई हेर*
*यतिखेर*

*कयौँ छोराछोरी र*
*नाति पुस्ताहरू*
*तिमीले बदल्छु भनेको*
*देशनै बदलेर*
*खाडीमा जीवन बेचिरहेछन्*
*कोही युरोप अनि अमेरिकामा*
*फेरि पनि*
*बेचेर राष्ट्रियता*
*कुरा गरिरहेछन्*
*स्वाभिमानको*
*के तिमीले बदलेको देश*
*यहि हो ?*
*महासय*
*तिमीले देश बदल्छु*
*परिवर्तन ल्याउँछु*
*भन्नुअघि*
*एकपटक बदल आफैँलाई*
*युगयुगदेखि*
*तिम्रो पुस्ता बदलियो*
*झण्डा बदलियो*
*तर,*
*तिमी आफैँ बदलिएनौ*
*हेर त*
*तिमीले लगाएको*
*त्यो*
*चेतनाको कोट कस्तो मैलो*
*कहिल्यै धोएनौ*
*न तिम्रा पुर्खाले धुन सके*
*न तिमीले धुन सक्यौ*
*पख*
*एकछिन पख*
*तिमीले अब*
*देश बदल्छु भन्नुअघि*
*बदल चेतनाको झण्डा*
*बदल तिम्रा खिया परेका सोँच*
*तिमीले*
*समाज बदल्छु भन्नुअघि*
*बदल*
*तिम्रा जीर्ण विचारहरू*
*तिमिले बदलेँ भनेको समाजमा*
*हेर*
*कसरी मारिएका छन् उषा राईहरू*
*कसरी जलिएका छन्*
*पुष्पा न्यौपानेहरू*
*अनि न्याय नपाई*
*इतिहास बन्दै गरेका निर्मलाहरू*
*हेर त तिमीले बदलेको*
*देशको ऐनामा*
*नन्दप्रसाद अधिकारी र गंगामायाहरू*
*अनि फेरि*
*तिमी उही झण्डा बोकेर*
*उही हजुरबाले जसरी*
*चिच्याइरहेछौ*
*भनिरहेछौ*
*म देश बदल्छु*
*महासय*
*देश बदल्नुअघि*
*तिमी आफैँ बदल*
*तिम्रो सोँच बदल*
*देश त कुनै दिन*
*आम मानिसका*
*चेतनाको पारोले*

*शिखर छोएपछि*
*आफै बदलिने छ*
*त्यसैले*
*महासय,*
*देश बदल्नुअघि*
*तिमी आफैँ बदलेर देखाऊ*
*देश त आफैँ बदलिने छ*
*जब तिम्रा*
*चेतनाहरू बदलिनेछन् ।*

❐ ❐

**कविता**

# भक्तपुर



**ईश्वर थोकर**

*भूपतिन्द्र मल्ल, अप्लिक्सी, न्यातपोल,*
*क्याफे न्यातपोल, तिसेन्ट जोन्स स्कुल,*
*लायकु, सुकुल ढोका, खँचापुख,*
*होमवर्क, रेनकोट, पुलिस, कम्युनिष्ट*
*पार्टीको घोषणापत्र, आपा,तेलकासा,*
*टेली-चलचित्र, रामायण-महाभारत,*
*थाङ्का, यमरी, जुजुधौ,*
*घिन्ताङघिसी, म्याङ्गो चकलेट*
*हाकुपटासी, नवदुर्गा सिनेमाघर*
*बिस्केट जात्रा, ट्रली बस, जादुगर*
*बेलुन, इनार, नेपाल भाषा, नेमकिपा*
*गुरुआमा अमृत्यश्वरी दैवज्ञ, सिस्टर*
*नोरी भुजू, चलचित्र दुई थोपा आँसु*
*र, यो दुई थोपा आँसु मैले मेरै लागि*
*साँचेको*
*भोलि रुनलाई कसैको म आँसु हुँला*
*कि नहुँला ?*
*यी सबैसबै सम्झिरहेको छु यतिबेला*
*तिमीलाई पनि सम्झिएको छु है प्रिय !*

❐ ❐

## कविता

# जिन्दगी



**सञ्जीव राई**

*सिधा बाटो हिँड्न सक्दैन जिन्दगी*
*मातिएर पीरैपीरले*
*घरी यता ठोक्किन्छ रहरसँग*
*घरी लड्छ सपनासँगै उता*

*विपनाका तमाम अत्याचारहरूबाट आजित जिन्दगी*
*सपनाको दरिलो आश्वासन र मायालु भरोसा पाएर*
*एउटा सुखद भ्रम रमाइरहेछ*
*सपनाका सुन्दर आँखाहरूमा*
*आफ्नो प्रतिविम्ब छर्लङ्ग देखेर दङ्ग छ जिन्दगी*
*सीमा नाघेर चाहनाको*
*जिन्दगीले आफूलाई भन्दा बढी सपनालाई माया गरेको कुरा*

*उसले गाएको स्वप्नगीतहरू सुनेर*
*बुझेको छु मैले ।*

*आफ्नो हात राखेर सपनाको शीरमा*
*ओहो ! कति भयंकर कसम अहिले भर्खरै खायो जिन्दगीले*
*आफूलाई खुसीसाथ सुम्पिदिने रे मृत्यको हातमा*
*सपनाले जिन्दगीलाई यदि जिन्दगी दिएनन् भने*

*जिन्दगीको सम्भावित परिणाम सम्झेर*
*म खङ्ग्रङै हुन्छु डरले*
*शक्तिशाली हुरी चलिरहेछ*
*विपनाले फेरेको प्रत्येक श्वासमा*
*म मेरो भयभीत अनुहार देख्छु*
*काँपिरहेका पात-पातमा ।*

*म त झर्छु नै यी पातहरूसँगै*
*मेरो जिन्दगीको के होला ?*
*कस्तो होला उसको स्वप्निल प्रेमकथाको अन्त्य ?*
*उसले गाएका स्वप्न गीतहरू*
*के अन्य सपनाप्रेमीहरूले पनि गाइरहला पछिसम्म ?*

❐ ❐

## अध्यात्म

# मौन शक्ति



**प्रा.डा. अच्युतमणि आचार्य**

मौनतामा ठूलो शक्ति लुकेको हुन्छ । मौनताको साधना गर्ने मनुष्यहरुमा भौतिकरुपले गम्भीरता, शान्तता, सम्माननीयता तथा वजनदार व्यक्तित्व देखिन्छ भने आध्यात्मिक जीवनमा ईश्वरमुखी बाटोमा लम्केको प्रष्ट हुन्छ। धेरै बोल्ने मानिस गफ, भैँझगडामा फस्न सक्छन् । यसैले श्रीमद्भागवत् गीतामा वाणीसम्बन्धी तपबारे श्री कृष्णले भन्नुभएको छ-

*अनुदवेगकरं वाक्यं सत्यं प्रिय हितं हितंचयत् ।*
*स्वाध्यायाभ्यसनं चैव वाङमपं तप उच्यते ।। (१७/१५)*

उद्वेग नगराउने, प्रिय र हितकर, यथार्थ कुरा गर्ने, शास्त्र पढ्ने, यस्तो कर्मलाई वाणीसम्बन्धी तप भनिएको छ। मनुष्यले मौन धारण गरी यस्तो तपमा लागिरहनु श्रेय छ ।

संसार- समाजमा बसेपछि बोल्न त पर्छ नै । नबोली कुनै कुरा हुनै सक्दैन । भनिन्छ- संसारमा बोल्नेको पिठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन ।

तर धेरै बोल्नाले परिवार र समाजमा मानिसको गरिमा घट्दछ र समाजले बिस्तारै उपेक्षा गर्दै जान्छ । त्यसैकारणले आवश्यक मात्रामा मात्र बोल्नु भनिएको हो । आवश्यक मात्रामा बोल्नुलाई सीमित मौनता भनिन्छ । सीमित मौनताको लाभ यो हुन्छ कि शरीरको शक्ति अनावश्यक तबरले खर्च हुन पाउँदैन । कम बोल्नाले व्यक्ति मर्यादित देखिन्छ, विचारहरु गम्भीर हुन जाने गर्छन् र समाजमा इज्जत वृद्धि हुन जान्छ ।

नबोलेर चुप लागेर बस्नु मात्र पनि मौनता होइन । मौनता त, परासत्तासँग सम्बन्ध गाँस्ने एक माध्यम हो । यसबाट अन्तर्मूखता विकास गर्न सक्नुपर्दछ । अन्तर्मूखी व्यक्ति आत्मा र परमआत्माको रहस्य बुझ्न कोसिस गर्ने हुन्छ । जसबाट परमात्मासँग साक्षात्कार गर्न सक्दछ । परमात्मासँग साक्षात्कार भएमा अलौकिक आनन्दको अनुभूति सम्भव छ । पदार्थ र सांसारिक उपलब्धीबाट प्राप्त हुने आनन्द क्षण भङ्गुर हुन्छ । परमात्मासँगको साक्षात्कारबाट प्राप्त हुने अलौकिक आनन्द चिर-स्थायी हुन्छ । यसैकारण अध्यात्मपथका पथिकहरु सीमित मौनता ग्रहण गर्दछन् । हामीले देखेका र पढेका साधु सन्तहरुलाई एकपटक सम्झौं त ? जस्तो खप्तडबाबा, शिवपुरी बाबा, स्वामी योगानन्द, स्वामी विवेकानन्द तथा रामकृष्ण परमहंस आदि ।

साधना विधानमा मौनताको ठूलो महत्व छ । ब्राम्हण क्षेत्रीहरुको केटाकेटी बेलामा (७-८ वर्षको उमेर) व्रतवन्ध गर्ने चलन थियो । गुरुले जप गर्दा, खान बस्दा, शौच आदि गर्ने बेलामा बोल्न मनाही गर्नुहुन्थ्यो । अन्जान रुपले यो व्रतवन्धको सजायको रुपमा केटाकेटी लिने गर्छन् । आज आएर यसको महत्व निहार्दा बुझिन्छ कि नबोल्नु भनेको त आफैंमा एक किसिमको व्रत रहेछ । प्रत्यक्ष कुराकानी बन्द गरेर एकान्तमा बसेर केही घन्टा मौन रहिरहन सके कत्रो फाइदा पुग्न जाने रहेछ र मौनता ग्रहण गर्दा आन्तरिक विचार आदिबाट पनि छुटकारा लिई परमात्माप्रति उन्मुख भइरहन सक्नुपर्दछ । नत्र आडम्बर हुन जान्छ । जङ्गलमा वा गुफामा गई कसैसँग कुरा नगरी बस्दा पनि मौ व्रत सफल हुन्छ भन्ने छैन । तर आफ्नै घर कोठामा बसेर पनि मौन व्रत सफल गर्न सकिन्छ ।

महात्मा गान्धी आफू जहाँ बसेको छ त्यही नै केहीबेर मौनधारण गरेर बस्ने गर्नुहुन्थ्यो । उहाँ आफू बसेको कोठामा कसैलाई पस्न नदिनु भन्ने आदेश दिनुहुन्थ्यो र आफू मौनधारण गरी परमात्माको सम्मुख पुग्ने गर्नुहुन्थ्यो । उहाँ भन्ने गर्नुहुन्थ्यो- मौनता विचारको आत्मा हो, शब्द वा बोलीचालीको शक्ति मस्तिष्क हो भने मौनताको ताकत आत्मा हो ।

महर्षि रमण प्रायः जसो मौन रहने गर्नुहुन्थ्यो । उहाँ मानिसहरुको जिज्ञासाको समाधान पनि नबोलिकनै गरिदिने गर्नुहुन्थ्यो । उहाँ भन्ने गर्नुहुन्थ्यो- मौनताद्वारा आफ्नो सामुको व्यक्तिलाई हल्लाउन सकिन्छ । मानिसको दिमागमा तुफान खडा गरिदिन सकिन्छ र मानिसको विचार, चरित्र र आचरण परिवर्तन गरिदिन सकिन्छ ।

भगवान बुद्धको शिक्षामा मौनताको ठूलो उपादेयता उल्लेख छ । उहाँको शिक्षा अनुसार 'मौनता जबसम्म शारीरिक हुन्छ तबसम्म देहलाई लाभहरु मिल्छ तर जब आत्मसत्ता अथवा अन्तर्मुखी हुन्छ तब त प्रचण्ड शक्ति उपार्जन हुन जान्छ ।' यो शक्ति अनेकौँ मानव कल्याणकारी कार्यमा लगाउन सकिन्छ ।

क्रिस्चियन धर्मका इसामसिहले बाइबलमा उल्लेख गर्नुभएको छ- तिमी मौन बस, तिमीमाथि परमेश्वरले कृपा गर्नुहुन्छ र तिमीलाई अपनाउनु हुनेछ । भगवानले अपनाउनु भनेको हाम्रो जीवन धन्य हुनु हैन र ?

त्यस्तै श्रीमद्‌भागवत् गीतामा पनि भनिएको छ ः

मौनं चैवास्मि गुहयानाम् अर्थात् गुह्य या गोपनीय राख्न योग्य भाव केही छ भने म याने मौन हुँ । भगवान श्री कृष्णले अर्जुनलाई सम्झाउँदा भन्नुभएको कुरा हो- रहस्यमयी वस्तुहरुमा म याने मौन हुँ ।

महाभारत (उद्योग ४३/५९) लाई हेरौँ-

*तृष्णीभूत उपासीत नचेष्टेन्मनसा पिच ।*
*उपावर्तस्य तद् व्रम्हा अंतरात्मनि वीक्षितुम् ।।*

अर्थात्, आत्मा मौनस्थितिमा राखी बस्नु र मनले पनि कुनै काम गर्ने इच्छा नराखी उपासना गरेमा व्रम्हाको आत्मासँग योग हुन्छ । आत्माको व्रम्हासँग

योग गराउन सक्ने व्यक्तिले त स्वत् मुक्ति पाइहाल्छ नि । त्यसैले हामी सबैको जीवनको उद्देश्य यही नै हुनुपर्छ जस्तो मलाई लाग्दछ ।

पाश्चात्य देशका एक सन्त इमर्सन भन्नुहुन्छ- तपाईंहरु मौनधारण गर्नुहोस् । जसबाट उनै महाप्रभुलाई कुरा गर्ने अवसर मिल्दछ । जसले तपाईंहरुलाई वाणी प्रदान गरेको छ । तपाईंहरु नै बोलिरहनुभयो भने उहाँले तपाईंलाई कसरी सम्झाउने मौका पाउनु होला ? आहा कस्तो मीठो तार्किक अभिव्यक्ति होइन ?

हिन्दू सनातन धर्मका हाम्रा आदि शंकराचार्य भन्नुहुन्छ- मौनता जति सुन्दर छ, त्यति सुन्दर संसारमा अरु केही छैन, जसले मौन बस्न जान्यो, त्यसले आफ्नो सुन्दरता बढायो ।

पाश्चात्य देशका एक दार्शनिक जर्ज इलियटले लेख्नुभएको छ- जो जति विचार गर्दछ । ऊ उति नै विचारवान हुन्छ । यो सत्य हो । तर उसको विचार शान्तिको बाधक हुन्छ । संसारको सृष्टि यसकारण गम्भीर छ कि ऊ सदा मौन र शान्त छ ।

उपरोक्त भनाइ, सोचाइ र लेखहरुबाट यति स्पष्ट छ कि मौनता एक महान् शक्ति हो । जीव शास्त्रका वेत्ताहरुका अनुसार प्रकृतिका पशुपक्षीहरु प्रकृतिको सन्देश मौन रुपले ग्रहण गर्दछन् । उनीहरु चाहिए जति मात्र बोल्दछन् । बाँकी समय मौन भएर बस्दछन् । मनुष्य मात्र यस्तो जीव हो जो प्रकृतिको नियम उल्लंघन गरिरहन्छ र आफूआफूमा झगडा बढाइरहन्छ । अनावश्यक कुराकानी, झैंझगडा, गफसप, असत्य प्रेमालापमा समय बिताउँछ । जसबाट कुनै हित हुँदैन, अमूल्य समयको नासबाहेक । यसो भन्दा कतिपय मानिस सम्झन्छन्- नबोले त अर्कोले सबै कुरा मौन सम्मति लक्षण भन्दै आफूलाई ठग्ने गरिहाल्छन् नि । फेरि कोही हाँस्छन् र भन्छन्- मौन रहँदा राम्रो हुने भए संसारका लाटालाटी त सबै मुक्तिमार्गमा जान्छन् त ? अझ चरमवादी त भन्छन्- मौन रहेर मात्र राम्रो हुने भए डाक्टरकोमा गएर जिब्रो वा भोकल कर्ड काटेर आए भइहाल्यो नि । घाँटीको रोगका लागि आवाज बन्द हुने त सिधैं स्वर्ग जान पाउने भए त ? यस्तो अविवेकपूर्ण सोचाईहरु अध्यात्मज्ञानको अभावमा देखिने कुराहरु भन्ने पाठकले बुझ्नु पर्दछ ।

वाणी संयम वा मौनव्रत भनेको बोल्दै नबोल्नु भनेको होइन । जसले आहार संयम वा उपवास भनेको खाँदै नखाने भनेको होइन । माथि उल्लेख गरिएको गीताको श्लोक सम्झनोस् त, दार्शनिक कालाइलको भनाइ त यस्तो पनि छ :

*मौनता यति गम्भीर छ जति भगवानको सृष्टि*
*वाणी यति कडा छ जति कालको रुप छ।*

नेपालीमा भनिन्छ- हातले पिटेको भन्दा बोलीले पिटेको कष्टकर हुन्छ। जिब्रो एउटा मात्र नियन्त्रण गर्न सकेमा अरु सबै इन्द्रिय स्वतः नियन्त्रित हुन्छन्। खुट्टा चिप्लिए हातखुट्टा भाँच्चिन सक्ला तर जिब्रो चिप्लिए जीवन नै बर्बाद पार्न सक्छ। गोलीको चोट निको पार्न सकिन्छ। तर बोलीको चोट कहिल्यै निको हुँदैन। यसैले हामी पनि मौनताका साथ जीवनयापन गर्ने प्रयास गरौँ। आफू पनि खुसी बनौँ र अरुलाई पनि सुखपूर्वक बाँच्न दिउँ।

**सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयः।**
**सर्वे भद्राणी पश्यन्तु, मा कश्चिद दुःख भाग्भवेत्॥**
**ॐ नमो भगवते वासुदेवाय नमः।**

❐ ❐

## कविता

# रित्तो पहाड



**सञ्जय सुमन**

*रित्तो पहाड*
*भासिन सक्छ जतिबेला पनि ।*

*कसैले हत्केलामा कसरी !*
*कहिलेसम्म ठ्याउन सक्छ !*
*थापिरहन सक्छ काँध*
*कहिलेसम्म !*

*देखिन सक्छ अग्लो*
*आफ्नो धरातलभन्दा ।*

*लाग्न सक्छ अडेस*
*अरुको ढाड*
*कहिलेसम्म !*

*बा, मलाई औँला दिनुस्*
*काँध बराबर हुन त*
*म उभिनु पर्छ ।*

❐ ❐

कविता

# एकादेशको यात्री



अटल शर्मा

*म गन्तव्य विनाको यात्री हुँ,*
*म मन्तव्य विनाको विचारक हुँ !*
*म सभ्यता विनाको नागरिक हुँ,*
*म सपना विनाको नाबालक हुँ,*
*हो, म एकादेशको यात्री हुँ ।*

*म दिव्यदृष्टि भित्रको आँधो हुँ,*
*म सृष्टि भित्रको विनाशकारी हुँ !*
*म ब्रह्मचारी तर भोग विलासी हुँ,*
*म अभागी तर आशावादी हुँ !*
*हो ! म एकादेशको यात्री हुँ ।*

*म दरवार भित्रको दासी हुँ,*
*म सपना विनाको अभिलाषी हुँ !*
*आँट विनाको साहसी हुँ,*
*म तिर्खा विनाको प्यासी हुँ !*
*हो, म एकादेशको यात्री हुँ ।*

*म खोट भएको स्वच्छ छवि हुँ,*
*म मुर्दा घाटको मलामी हुँ !*
*तर समाजका लागि बदनामी हुँ,*
*त्यसैले भित्र हर्षोल्लास तर उदासी हुँ !*
*हो, म एकादेशको यात्री हुँ ।*

*म धार्मिक तर महापापी हुँ,*
*मानवता नै धर्म मेरो, त्यसैले बेनामी हुँ !*
*म पानी पिउने सराबी हुँ,*
*म कथा नभएको कहानी हुँ !*
*हो, म एकादेशको यात्री हुँ ।*

❑ ❑

## गजल

# गजल



**लीलाराज दाहाल**

*अचेल यो रोगी समयले चित्कार गर्दैछ*
*फूलले नि आज काँडालाई बलात्कार गर्दैछ !*

*उनलाई भेटूँ भेटूँ लाग्न छोड्यो अचेल त*
*अब भने यो औषधीले चमत्कार गर्दैछ !*

*कसरी होला बाँच्ने अब ? सोच्दैछु म अझै*
*पुलिस अचेल चोर डाकालाई नमस्कार गर्दैछ !*

*अभाव र महङ्गीको यो अँध्यारो शासनमा*
*तस्करले नै इमान्दारलाई दुत्कार गर्दैछ !* ❑ ❑

## लघुकथा

# तीज



**पुष्पा नेपाल (सुवेदी) पुष्पाञ्जलि**

भान्सामा काम गर्दै थिई राधा। मोबाइलमा घन्टी बज्यो। उसले उठाई। भाउजूको फोन रहेछ। भाउजूले भन्नुभयो, "नानी ! तपाईँ कहिल्यै तीजमा आउनु हुन्न। तैपनि यसो कर्तव्य पूरा गरेकी नि, आउनू भनेर" उसले भाउजू भन्दै थिई तर उसको कुरै नसुनी भाउजूले भनिन्, "म पनि भोलि माइत जान लागेकी नि।

सबै दिदी बहिनीहरू भेला हुने भएका छन्। आमाले जसरी भए पनि आउनू भन्नुभएको छ। ल फोन राखेँ।

आफ्नो मात्र कुरा बर्बराएर भाउजूले कुरा टुङ्ग्याइन्। राधालाई यसपालि आफ्नी आमाको खुब याद आइरहेको थियो। आमा नभएपनि यो तीजमा माइत गएर आमाको न्यास्रो मेट्छु भनी सोच्दै थिई तर भाउजूले कुरैकुरामा बिट मारिदिइन्।

अतीत सम्झी राधाले। ऊ सानी हुँदा तीजमा फिरफिरे जामा लगाएर फुरुङ्ग पर्दै आमाको अघिपछि हिँड्थी। आमासँग मन्दिर जान्थी। आमाले

उसलाई प्यारपूर्वक सुम्सुम्याउनु हुन्थ्यो र खानेकुराका मीठामीठा परिकार बनाएर दर खुवाउनु हुन्थ्यो । उसलाई त्यो पल खुब रमाइलो लाग्थ्यो । समयको गतिसँगै राधा हुर्की, बढी र धेरै पढी पनि । जागिरे समेत भएपछि उसको विवाह भयो । विहेपछि भने राधा तीजमा एकपटक पनि माइत आइन । आउन नभ्याएर पनि होइन । तीजमा हुने एक/दुई दिनको छुट्टीमा ऊ साथीहरूसँग घुम्न जाने योजना बनाउँथी । उसलाई माइती त दशैं, तिहार पनि गइहालिन्छ नि जस्तो लाग्थ्यो तर उसकी आमा भने हरेक वर्ष छोरीलाई "यो तीजमा त जसरी भए पनि आउन बाबा ! तिमीबिनाको तीज मलाई कत्ति पनि रमाइलो लाग्दैन । छोरी ! म तिमीलाई सम्झेर एक्लै एक्लै रुन्छु ।" भन्दै खुब फकाउँथिन् । वास्तवमै राधाकी आमा हरेक तीज छोरीको माया र सम्झनामा रुदै बिताउँथिन् तर राधालाई भने यस कुराको कुनै हेक्का थिएन ।

गतिशील समयले मानवलाई कहाँ पर्खन्छ र ? प्राकृतिक नियम भनूँ या त विधिको विडम्बना ! राधाकी आमालाई पनि एक दिन त्यही नियमले अँगालो हाल्यो । अब उनले कहिल्यै नफर्कने बाटो रोजिन् । राधाकी आमा बितेको पनि दुई वर्ष भइसकेको थियो । अब भने राधालाई उनकी आमाले पहिलेझैं माया गरेर बोलाइदिए हुन्थ्यो नि ! जस्तो लाग्थ्यो तर उसलाई त्यसरी माया गर्ने आमा नै यस संसारमा थिइनन् । उसका आँखामा पश्चातापका आँसु मेचीकोशी बनेर बग्दै थिए । यत्तिकैमा उसकी छोरी टुप्लुक्क आइपुगी र सोधी, "आमा ! किन रुनु भएको ?"

त्यसपछि राधाले आँसु पुछ्दै भनी, "हरेक वर्ष यो तीज किन आउँछ, छोरी ???"

❐ ❐

*नामसालिङ, इलाम*

# स्वर पत्रिकाका आजीवन सदस्यहरू

राष्ट्रकवि माधव घिमिरे

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी

भुवनेश्वरी सत्याल

गीता केशरी

गोपाल पराजुली

बालसाहित्य प्रतिष्ठान नेपाल

एभरेस्ट इङ्लिस स्कुल, भक्तपुर


सुशीला देउजा

## आजीवन सदस्यताका लागि शुल्क : रु.५००० 


**थप जानकारीका लागि सम्पर्क ९८५१४०३५३१**

**(सम्पादक/प्रकाशक)**

रिजेन्ट रेसिडेन्सियल स्कुल, धापाखेल, ललितपुरको वार्षिक सिर्जना पत्रिका **चन्द्रमा २** प्रकाशित भयो ।



वैदिक उपन्यास प्रकाशित भएकोमा आदरणीय लेखक विजय चालिसेज्यूलाई हार्दिक बधाई




प्रकाशक

परिचय पब्लिकेसन, काठमाडौं, फोन : ०१ ४८१००६६